जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक


# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक २२५ • २०८१ साल पुस २६ गते शुक्रबार (10 January, Friday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## भारतीय नेता पप्पु यादव नेपाल भ्रमणमा



**टुडे समाचारदाता**

जनकपुरधाम । भारत बिहार पूर्णियाका लोकसभा सांसद पप्पु यादव नेपाल भ्रमणमा आउने भएका छन् ।

भारतका लरेन्स विष्णोई गिरोहबाट धम्की पाइरहेका बेला निजी भ्रमणमा आउने भनिए पनि नेपाल भ्रमणको उद्देश्य भने खुलाइएको छैन । आगामी माघ २ गते नेपाल आउन लागेका उनी ३ गते भारत फर्किने स्रोतले जानकारी दिएका छन् । लोकसभाका सांसद यादव नेपाल भ्रमण आएको मौकामा नेपाल यादव युवा संघले माघ ३ गते नेपाल-भारतः यादव समाजको अवस्था विषयक छलफल तथा सम्मान कार्यक्रम आयोजना गर्ने भएको छ ।

सन् १९९१ देखि पटक पटक भारतको बिहारबाट चुनाव लडेका पप्पु यादव ६ पटक सांसद भइसकेका छन् । त्यसमध्ये उनी चार पटक स्वतन्त्र रुपमा पनि जितेका थिए ।

व्यक्तिगत अभिव्यक्तिका कारण चर्चामा रहने उनी लरेन्स विष्णोईको बारेमा दिएको अभिव्यक्तिले गर्दा अहिले उनलाई सोही गिरोहबाट ज्यान मार्ने धम्की समेत आइरहेको जनाइएको छ । उनले भारत सरकारबाट सुरक्षाको माग समेत गरेका छन् ।

सन् २०१५ मा लालु यादव नेतृत्वको राष्ट्रिय जनता दलबाट अलग भएर जन अधिकार पार्टी गठन गरेका थिए ।

सन् २०१८ मा उनले भारतकै सर्वश्रेष्ठ सांसदको उपाधि 'फेम इन्डिया श्रेष्ठ सांसद सम्मान २०१८' बाट सम्मानित भएका थिए ।

### 'थ्रेसहोल्ड'ले दलीय व्यवस्थामाथि ग्रहण

# संयुक्त आन्दोलनका लागि मधेश केन्द्रित दल एकठाम

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्तागठबन्धनका मुख्य दुई दल नेपाली कांग्रेस र नेकपा एमालेले संविधान संशोधनको नाममा समानुपातिक निर्वाचन प्रणालीमा थ्रेसहोल्ड बढाउन गरेको तयारीप्रति मधेश केन्द्रित दलले आपत्ति जनाउँदै आन्दोलन थाल्ने चेतावनी दिएका छन् ।

मधेश केन्द्रित दलहरूले थ्रेसहोल्डको सीमा बढाउने मुद्दामा एकमत हुँदै संयुक्त रुपमा आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् ।

विद्यमान व्यवस्थाअनुसार प्रतिनिधिसभामा समानुपातिकतर्फको सिट प्राप्त गर्न कुनै पनि दलले समानुपातिकमा खसेको कुल सदर मतको न्यूनतम ३ प्रतिशत मत ल्याउनुपर्ने हुन्छ । प्रदेश सभामा कुल सदर मतको १.५ प्रतिशत मत पुऱ्याउने दलको समानुपातिक उम्मेदवार मात्रै निर्वाचित हुने व्यवस्था रहेको छ ।

कांग्रेस-एमाले प्रतिनिधिसभाका लागि तीन प्रतिशतलाई बढाएर पाँच प्रतिशत पुऱ्याउने तथा प्रदेश सभामा १.५ प्रतिशतलाई थप्दै तीन प्रतिशत मत पुऱ्याउने थ्रेसहोल्डको सीमा बढाउन खोजी रहेका छन् ।

थ्रेस होल्डको सीमा बढाउने कार्यले साना दलको अस्तित्व नामेट गर्ने र समावेशी व्यवस्थालाई कमजोर बनाउने अन्य दलले टिप्पणी गरे । विविधतापूर्ण देशमा सानोभन्दा सानो समूहका आवाजको पनि प्रतिनिधित्व सदनमा हुनुपर्ने जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले टिप्पणी गरेका छन् । साना दलबाट ६/७ लाख गर्दै ३० देखि ४० लाखसम्म हुन आउने मतलाई निषेध गर्न नहुने उनको भनाइ छ । उनले त्यसविरुद्ध संघर्षको लागि तयार रहेको उल्लेख गर्दै सामाजिक सञ्जालमार्फत राउत भन्छन्, 'हामी संघर्षका लागि तयार छौं । दुई दलीय तानाशाही नेपाललाई चाहिएको छैन ।'



गत निर्वाचनमा प्रतिनिधिसभामा कांग्रेस, एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टीले थ्रेसहोल्ड पार गरेर समानुपातिकतर्फ सांसद प्राप्त गरेका थिए ।

नेकपा एकीकृत समाजवादीले प्रत्यक्षमा १० सिट जिते पनि थ्रेसहोल्ड कटाउन नसक्दा समानुपातिकतर्फको सांसद निर्वाचित गर्न सकेको छैन । यसका साथै लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी, नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमोर्चाले पनि 'थ्रेसहोल्ड' को सीमा कटाउन सकेका थिएन ।

थ्रेसहोल्डको सीमा बढाउँदा यसको प्रत्यक्ष लाभ मुख्य कांग्रेस र एमालेले नै ठूला दलले प्राप्त गर्ने भएका छन् । थ्रेसहोल्ड कटाउन नसक्दा साना दलले गुमाएको समानुपातिकतर्फको सांसदहरूलाई ठूला दलले बाँडिने छ ।

जसपा नेपालका प्रवक्ता मनिष सुमनले दुई दलीय शासन व्यवस्था लाद्ने उद्देश्यका साथ थ्रेसहोल्डको सीमा बढाउन लागिएको बताएका छन् । मधेश प्रदेशका सांसद सुमनले थ्रेसहोल्डको प्रतिशत बढाउने कार्य बहुदलीय व्यवस्थालाई संकुचित गर्ने कार्य भएको बताए ।

निर्वाचन आयोगलाई ओभरटेक गरेर गृह मन्त्रालयले मस्यौदाको तयारी गरिरहेको छ । यद्यपि, जसपा नेपाललाई थ्रेसहोल्डसँग डर नभएको उनको भनाइ छ । दल फुटेको अवस्थामा समेत करिब ५ प्रतिशत मत ल्याएको हुँदा डर जसपा नेपाललाई नहुने भए पनि दलीय व्यवस्थामाथि भने ग्रहण लाग्ने उनको बुझाइ छ ।

मुद्दा केन्द्रित भई सहकार्य गर्ने भन्दै अघि बढेका मधेश केन्द्रित दललाई एक ठाउँमा ल्याउन सो मुद्दाले साथ दिने भएको छ । जनप्रगतिशील पार्टी, जसपा नेपाल, जनमत, लोसपा नेपाल, तमलोपालगायतकाले यसअघि नै मधेश केन्द्रित दलसंग छलफल गर्न समिति समेत गठन गरिसकेका छन् ।

मधेश केन्द्रित दलहरुले आन्तरिक रुपमा मुद्दा मिल्ने दलहरूसंग सहकार्यका लागि कामसमेत थालिसकेका छन् ।

संविधान संशोधन अग्रगमनका लागि हुनुपर्ने भए पनि पश्चगमनकारी संशोधन स्वीकार्न नसकिने मधेश केन्द्रित दलहरुको भनाइ छ ।

सत्ता गठबन्धनमा थ्रेस होल्डको विषयमा छलफल गर्ने मधेश केन्द्रितको तयारी रहेको जनाइएको छ ।

कांग्रेस-एमालेको सरकार बनाउन बनेको सहमतिमा संविधानमा देखा परेका सबल पक्ष र दुर्वल पक्ष एवं जटिलताको समीक्षा गर्दै राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन गर्नका लागि र सोही अनुसारको कानुन निर्माणलाई प्राथमिकता दिने सन्दर्भमा एकजुट हुने भएको छ ।

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)

प्रेस विज्ञप्ती

**लहान शाखामा कर्जा असुली तथा लिलामी सम्बन्धमा प्रकाशित भ्रमपूर्ण समाचार तथा बैंकमा तालावन्दी/तोडफोड गरे/गराएको सम्बन्धमा ।**

पौष २५ २०८१, काठमाण्डौ ।

यस बैंकको शाखा कार्यालय लहानका प्रबन्धक लगायतका कर्मचारीहरुलाई जोडेर विभिन्न सामाजिक संजाल तथा संचार माध्यमहरुमा प्रकाशित कपोलकल्पित तथा भ्रमपुर्ण समाचार तथा अत्यावश्यक सेवा अन्तरगत रहेको बैंकिंग सेवानै ठप्प हुनेगरी दैनिक कामकाज गर्न वाधा पुग्ने गरी बैंकमा तालावन्दी ढुङ्गा मुढा तथा होहल्ला गर्नाका साथै बैंकिङ्ग सेवा वन्द गर्ने लगायतको कार्य प्रति यस बैंकको गम्भिर ध्यानाकर्षण भएको छ । यसरी सत्य तथ्य भन्दा बाहिर गई वास्तविकता भन्दा फरक ढंगले सम्प्रेषित समाचार तथा अराजक गतिविधिले यस बैंकका ग्राहक, सरोकारवाला एवं सर्वसाधारणमा भ्रम श्रृजना भएको तथा बैंकको सेवा प्रवाह अवरुद्ध भएको छ । यस खालका अमर्यादीत एवं अवाञ्छित व्यवहार गरी बैंक जस्तो संवेदनशिल स्थानमा हुलहुज्जत भएको घटनाको सम्बन्धमा सत्य तथ्य विवरण सरोकारवाला सबैको जानकारीको लागि सम्प्रेषण गर्न आवश्यक देखिएकोले यो प्रेष विज्ञप्ति जारी गरिएको छ ।

यस बैंकको लहान शाखा कार्यालयबाट मिति २०७७/११/१५ देखि सरल कृषि कर्जा र व्यक्तिगत ओभरड्राफ्ट शीर्षक अन्तर्गतको कर्जा उपभोग गर्नु भएका कर्जा ग्राहक जिल्ला सिराहा, लहान नगरपालिका वडा नं. २ बस्ने श्री रामचन्द्र यादवले बैंकलाई भुक्तानी गर्नुपर्ने साँवा एवं व्याज कर्जा सम्झौता बमोजिम तोकिएको समयमा भुक्तानी नगरी निर्धारित भाखा नाघेको र लामो समयसम्म पनि कर्जा चुक्ता/भुक्तान नगरे पश्चात बैंकले पटक पटक मौखिक एवं लिखित रुपमा पत्राचार गरी ताकेता गरेको र यसै सन्दर्भमा मिति २०७९/०१/२० मा २१ दिने सार्वजनिक सुचना मार्फत जानकारी गराएको, सो समयावधि भित्र समेत कर्जा राफ साफ नगर्नु भएकोले बैंकको प्रचलित कर्जा असुली कार्यविधि तथा प्रचलित नियम बमोजिम कर्जा असुलीको थप प्रकृया स्वरुप धितो लिलामीको लागि पहिलो पटक मिति २०७९/१०/२३ गते, दोस्रो पटक मिति २०८०/०२/१७ गते र तेस्रो पटक मिति २०८०/०८/०४ गते राष्ट्रिय दैनिक पत्रिकामा सुचना प्रकाशन गरी भाखा नाघेको कर्जाको साँवा र व्याज तिर्न वारम्वार मौका दिएको अवस्थामा समेत भाखा नाघेको कर्जाको साँवा र व्याज भुक्तानी गर्न चासो नदिई बसेको हुँदा नियम सम्मत चौथो पटक मिति २०८१।०६।०८ मा धितो लिलामी सुचना प्रकाशन गर्दा रीतपूर्वक प्राप्त शीलबन्दी बोलपत्र मध्येबाट आवश्यक प्रकृया पुरा गरी बोलपत्र स्वीकृत गर्नुको साथै शीलबन्दी बोलपत्र कवोल गर्ने व्यक्तिको नाममा मालपोत कार्यालयमा दा.खा. गरेको व्यहोरा जानकारी गराउँदछौं । यसरी बैंकले विद्यमान कानूनी प्रकृया एवं प्रचलित बैंकिङ्ग अभ्यासको पूर्ण अवलम्बन गरी सम्पन्न गरेको धितो लिलामी प्रकृयामा असहमति जनाई ऋणी/धितो जमानत दाता समेतको संलग्नतामा मिति २०८१/०९/११ गते र मिति २०८१/०९/२३ गतेका दिन केही व्यक्तिहरुले यस बैकको लहान शाखाको प्रांगण आसपास तथा लहान बजार भरी भ्रम सिर्जना हुनेगरी गलत प्रचार प्रसार नाराबाजी गर्ने, हुल हुज्जत गर्ने सामाजिक संजाल तथा अन्य संचार माध्यममा सत्य तथ्य विपरित अनर्गल तथा कपोलकल्पित समाचार सम्प्रेषण गरी जनमानसमा भ्रम श्रृजना गर्ने तथा बैंकको नियमित कारोवार सञ्चालनमा बाधा पुग्ने गरी कार्यालयमा तालावन्दी गर्नुका साथै कर्मचारीहरुमाथि अमर्यादीत तरिकाले गालि गलौज र धाकधम्की दिई बैंकको मुल गेटमा समेत पाल विच्छाई धर्नामा वसी बैंक सञ्चालनमा समेत बाधा पुऱ्याएकोमा आज पुनः निज ऋणी सहितको अराजक भीड जम्मा भई यस बैंकको लहान शाखामा तालावन्दी गर्ने, ढुङ्गामुढा तथा तोडफोड गर्ने जस्ता अवाञ्छित गतिविधि गरी बैंकको भौतिक सम्पत्तिको नोक्सानी गराउने, बैंकको सेवा अवरुद्ध गराउने तथा बैंक कर्मचारीहरुको सुरक्षामा समेत गंभीर आँच आउन सक्ने खालका गैर कानूनी तथा अवाञ्छित कार्य भएको छ । निज ऋणी लगायत आन्दोलन र धर्ना दिने व्यक्तिहरु कानूनी उपचार खोज्नु भन्दा पनि बैंकको बदनाम तथा विरोध गर्ने र अफवाह फैलाउने, बैंकको भौतिक सम्पत्तिको क्षति गराउने, बैंक कर्मचारीहरुको मनोवल गिराउने तथा समग्र बैंकिङ्ग सेवा अवरुद्ध गराउने तर्फ उद्यत देखिएकोले यस्ता खालको गैर कानूनी अवाञ्छित गतिविधि प्रति घोर भर्त्सना गर्दै आपत्ति सहित खेद प्रकट गर्दछौ ।

यसरी गरिएको लिलाम प्रक्रिया चित्त नबुझेको खण्डमा कर्जा ग्राहक नियमानुसार कानूनी प्रकृयामा जानसक्ने अवस्था हुँदा हुँदै बैंक जस्तो सम्बेदनशील सस्थाको सेवा नै अवरुद्ध हुने गरी बाधा व्यवधान सिर्जना गर्नु कदापी उचित नहुने व्यहोरा सम्बन्धित सवैमा अनुरोध गर्दै बैंक जस्तो अत्यावश्यकीय सेवा प्रदान गर्ने संस्थाको सेवा निर्वाध रुपमा सञ्चालन हुने वातावरण निर्माणका लागि सम्बन्धित सबै समक्ष सादर अनुरोध गर्दछौ ।

कृषि विकास बैंक लि.
मुख्य कार्यालय, रामशाहपथ

सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घर आँगनको बैंक



# मिथिला चित्रकला बन्दैछ युवा कलाकारको ‘करियर’



मिथिला चित्रकलालाई संस्थागत गराउन मधेस प्रदेशस्थित राजर्षि जनक विश्वविद्यालयमा स्नातकमा फाइनआर्ट अध्ययन-अध्यापनका लागि पहल भइरहेको वरिष्ठ चित्रकार सुमन बताउनुहुन्छ ।

काठमाण्डु । पछिल्लो सयम मिथिला चित्रकलालाई युवा कलाकारहरूले आफ्नो ‘करियर’ अर्थात जीविकोपार्जनका रूपमा अङ्गाल्न थालेका छन् । यसमा महिलाहरूको सङ्ख्या झनै आशालाग्दो छ । मिथिला चित्रकलाको ख्याति अन्तर्राष्ट्रियस्तरसम्म फैलिएसँगै चित्रकारहरूले पनि यतिबेला देशभित्र मात्रै सीमित नरहेर अन्तर्राष्ट्रियस्तरसम्म आफ्नो पहिचान स्थापित गर्दै लगेका छन् । मिथिला चित्रकलाको प्रदर्शनी, ग्यालरी सञ्चालन, क्राफ्ट निर्माणलगायत विभिन्न निजीदेखि व्यापारिक भवनसम्ममा चित्रकला गरेर चित्रकारहरूले राम्रो आम्दानी गर्नुका साथै मान-सम्मान र प्रतिष्ठा पनि आर्जन गरिरहेका छन् । चित्रकलालाई आफ्नो ‘करियर’ बनाएर मिथिला-मधेसकी हजारौं महिलाकी नमूना भन्नुभएकी युवा चित्रकार सुनयना ठाकुरको नाम अग्रपङ्क्तमा आउँछ । जनकपुरधाममा मिथिला पेन्टिङसम्बन्धी आफ्नो आर्टग्यालरी सञ्चालन गरेर एक दशकअघि नै सुनयनाले आफ्नो भविष्यको बाटो कोर्नु भएको थियो । सानो छँदा चित्र कोर्न मन पराउने सुनयनालाई आफूले कोरेको चित्र मिथिला चित्रकला हो भनेर थाहा थिएन । उहाँले घरमा र टोलछिमेकमा आमा-काकीहरूले विभिन्न विधि-व्यवहारमा कोर्नुभएको चित्रलाई नै आफ्नो क्षमताले कोर्नुभयो । तर त्यही प्रतिभाले आज देश-विदेशमा एक परिचित अनुहार मात्र नभएर आर्थिक रूपमा पनि सक्षम र आत्मनिर्भर बन्न सफल भएको छ। कक्षा ८ पढ्दै गर्दा विवाह भएकी सुनयनाले सफलताको शिखर आफ्नै आँट र सुझबुझले चढ्नुभयो ।

त्यस्तै मिथिला चित्रकलालाई आफ्नो करियर बनाएर सफलताको उडान भर्ने अर्की कलाकार हुनुहुन्छ रन्जु यादव । रन्जुले पनि भर्खरै ललितपुरमा आफ्नो ग्यालरी सञ्चालनमा ल्याउनुभएको छ । राजविराज, थलहा गाविस, सुरुङ्गा नगरपालिका-१० की रन्जु पनि मिथिला चित्रकलामा एक स्थापित नाम हो । यसैगरी भक्तपुरको राधेराधेमा लक्ष्मण मण्डल र सरिता मण्डल यसै क्षेत्रमा लाग्नुभएको छ । श्रीमान-श्रीमतीसमेत रहनु भएका उहाँहरूले आफ्नो कलालाई जीविकोपार्जनसँग जोड्नुभएको छ । यसबाहेक, मिथिला चित्रकलामा यतिबेला पूजा साह, दीपा कर्ण, सुलेखा साह, मुन्नी खातुन, संगीता मण्डल, सुनिता साह, मनतोरियादेवी, विनिता भारतीलगायतका प्रतिभाहरुले यस क्षेत्रमा आफ्नो करियर बनाउँदै हुनुहुन्छ ।

घरबाट बाहिर गएर मिथिला चित्रकलालाई पूर्णकालिक अङ्गाल्नेको सङ्ख्या थोरै रहे पनि यो क्रम बढ्दो रहेको चर्चित एवम् वरिष्ठ चित्रकार एस.सी. सुमन बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, “मिथिला चित्रकला आफ्नो फरक ढङ्गको चित्रकारी र शैलीकै कारण विश्वविख्यात हुँदै गएको छ। त्यति मात्र नभएर पारम्परिक चित्रकलालाई यतिबेलाका युवाहरूले समसामयिकतासँग जोड्दै लगेको हुनाले पनि मिथिला चित्रकलाको माग र आकर्षण बढ्दो छ।”

मिथिला चित्रकलालाई संस्थागत गराउन मधेस प्रदेशस्थित राजर्षि जनक विश्वविद्यालयमा स्नातकमा फाइनआर्ट अध्ययन-अध्यापनका लागि पहल भइरहेको वरिष्ठ चित्रकार सुमन बताउनुहुन्छ । यससम्बन्धी पाठ्यक्रमलाई जीवनयापनसँग जोडिनुपर्ने उहाँको भनाइ छ। उहाँ भन्नुहुन्छ, “हाम्रो पुस्ताले सोखको रूपमा चित्रकारी सुरु गरेका थियो तर अबको पुस्ता फाइन आर्टमा मिथिला पेन्टिङ्ग पढेर करियर बनाउँछन् । भविष्यमा मिथिला चित्रकला जीवनयापनका लागि स्थायित्व प्रदान गर्ने राम्रो र सबल माध्यम बन्न सक्छ।”

## ग्यालरी सञ्चालन गरी आत्मनिर्भर बन्ने प्रथम महिला

युवा चित्रकार सुनयना ठाकुर, देश र मधेसभरिमै ग्यालरी सञ्चालन गरेर मिथिला चित्रकलामा आत्मनिर्भर बन्ने प्रथम महिला पनि हुनुहुन्छ । ‘सुनयना आर्ट’ २०६८ सालमा खुल्यो, जो मिथिला ग्यालरीको नामले पनि परिचित छ । उहाँ भन्नुहुन्छ, “जानकी मन्दिरको प्राङ्गनमा ग्यालरी सञ्चालन गर्दा धेरैले ग्यालरी भनेको के हो नै बुझेका थिएनन् । ग्यालरी सञ्चालन गर्न मैले धेरै अप्ठयाराहरू भोगैं । शुरुमा कन्सेप्ट बुझाउनै गाहे थियो तर चित्रकलामा नै समर्पित हुन्छु भनेर धार्मिक नगरी जनकपुर घुम्न आउने पर्यटकलाई मध्यनजर गर्दै जानकी मन्दिरसँगैको प्राङ्गणमा ग्यालरी सञ्चालन गरैं । ग्यालरी एउटा कलाकारको सपना हुन्छ। मैले देश-विदेश घुम्दा ग्यालरीको महत्व बुझेँको थिएँ । र आज यसैले मेरो जीविका पनि चलाइदिएको छ।” उहाँले कागजदेखि माटोको भाडोमा चित्र कोर्दाकोर्दै क्यानभासको यात्रा तय गर्नुभयो ।

चित्रकार सुनयनाले जलेश्वर, जनकपुर हुँदै पोखरा, काठमाडौंमा दर्जनौ एकल प्रदर्शनी गरिसक्नुभएको छ । भने विदेशमा मात्र पाँच वटा प्रदर्शनी लगाइसक्नुभएको छ । उहाँले सन् २०१६ मा अमेरिका, जापानलगायत नेपालका विभिन्न स्थान र विदेशमा पनि उहाँले एकल र सामूहिक प्रर्दशनी गर्दै आउनुभएको छ। महोत्तरीको सुगा गाउँकी सुनयनाले जनकपुरदेखि काठमाडौंको ठमेलसम्म आफ्नो आर्ट ग्यालरीको विस्तार गर्नुभएको पनि लामो समय भयो । उहाँले आफूजस्तै थुप्रै चित्रकारलाई रोजगार पनि दिनुभएको छ। उहाँले आफ्नो एउटा पेन्टिङ अमेरिकामा १७ डलरमा बेच्नुभएको थियो भने नेपालमा पनि एक लाखदेखि माथिका पेन्टिङहरू बिक्री भएका छन् ।

## विद्रोही चित्रकार रन्जुको उडान

युवा चित्रकार रन्जुले सुरुदेखि नै सामाजिक विषयलाई आफ्नो चित्रकलामा उतार्नुभयो। एउटा विद्रोह थियो उहाँभित्र। उहाँ भन्नुहुन्छ, “कलाको सीमा हुँदैन। मिथिला चित्रकलाको जुन जग छ, त्यसमाथि नै टेकेर मैले विषयवस्तु परिवर्तन गरेर चित्रकला गर्छु। पारम्परिक र विषयगत चित्रकला नै मेरो निजत्व हो। चित्रकलाको माध्यमबाट पनि समाजको प्रतिविम्ब देखाउन सकिन्छ भन्ने मेरो मान्यता हो।”

रन्जु सुनाउनुहुन्छ, “घरमा छोरा-छोरीमा भेदभाव थियो। घर बाहिर र भित्र पनि अनेक हस्तक्षेपहरू थिए, जसले मनमा विद्रोह उत्पन्न हुन्थ्यो । जब मिथिला चित्रकलालाई अङ्गालैं अनि मैले समाज, देश र परिवेशमा सदियौंदेखि विद्यमान कुरीतिहरूको विरोधमा चित्र कोर्न थालैं । मैले चित्रकलालाई जनचेतनासँग जोड्ने सोच बनाएँ। चित्र कोर्दा स्वतः दाइजोविरोधी, छुवाछूत विरोधी चित्रहरू कोर्नथालैं । पारम्परिक त बनाउँथे नै तर त्यो भन्दा पनि सन्देसमूलक चित्र कोर्नेतिर स्वतः अग्रसर हुँदै गएँ ।” उहाँले चित्रकलामार्फत पारम्परिकबाट हटेर समाजको प्रतिविम्ब कोर्नुले पनि थुप्रै चित्रकारको विरासत हल्लाएको थियो। धेरैले उहाँलाई निरुत्साहित गर्न खोज्थे, कतिपयले के यस्तो पनि मिथिला पेन्टिङ हुन्छ र भन्ने गरेको स्मरण गर्दै उहाँ भन्नुहुन्छ, “कलाको कुनै सीमा हुँदैन, यो अभिव्यक्तिको माध्यम पनि हो। आधार मात्र बलियो हुनुपर्छ।”

मैथिली भाषामा स्नातकोत्तर रन्जुको पहिलो चित्रकला प्रदर्शनी २०७४ मा भएको थियो । नेपाल राष्ट्रिय ललितकला प्रदर्शनीमा दाइजोविरुद्धको चित्रकला प्रदर्शन गर्नुभएको थियो । त्यस प्रदर्शनीमा रन्जुलाई अवलोकनकर्ताहरूबाट राम्रो प्रतिक्रिया आएको थियो । त्यही उत्साहमा सन् २०१९ को अप्रिलमा उहाँको पहिलो एकल कला प्रदर्शनीमा २९ वटा विभिन्न विषयवस्तुसहितका चित्र रहेका थिए । यसमा दाइजो, छुवाछूत, भ्रूणहत्याजस्ता सामाजिक विकृतिविरुद्ध उहाँले चित्रकलाको माध्यमबाट आवाज बाहिर ल्याउने प्रयास गर्नुभयो । त्यति मात्रै नभएर महिला सशक्तीकरणका विषयवस्तुसहित ‘कलर्स अफ चेन्ज’ थिमका साथ उपस्थिति जनाउनुभयो । प्रकृतिमाथिको एउटा चित्रकलाको रु एक लाख १० हजार पाउँदा रन्जुको उत्साह झनै बढ्यो। काठमाडौंमै उहाँले त्यो चित्र बेच्नुभयो । उहाँले अवस्था हेरेर विधि-व्यवहारसम्बन्धी चित्रकला १० हजारमा समेत उपलब्ध गराउँदै आउनु भएको छ।

## मिथिला चित्रकलाको शुरूआत

रामायणकालमा मिथिला चित्रकलाको हुरुवात भएको मान्यता रहेको छ। राजा जनकले छोरी जानकीको बिहेमा घर, आँगन र भित्ताहरूमा चित्रकोर्न लगाउनुभएको थियो, जो मिथिला चित्रकलाको रूपमा रहेको छ । चित्रकार रन्जु भन्नुहुन्छ, “ग्रामीण भेगका महिलाहरूले आफ्नो घर र भित्ता सजाउन जुन चित्र कोर्नुहुन्छ, त्यो नै मिथिला चित्रकला हो । यसलाई लोककला पनि भनिन्छ। पहिले भूइँमा र भित्तामा चित्र कोर्ने गरिन्थ्यो, पछि क्यानभाससम्म आइपुगेको हो।”

वरिष्ठ चित्रकार सुमनका अनुसार मिथिला पेन्टिङ कुनै समयमा करियरका लागि नभएर विधि व्यवहारसम्म मात्रै सिमित थियो । भारतीय मिथिला क्षेत्रमा सन् १९६० को दशकमा भित्ताबाट कागजमा सो चित्रकला उतारिएको मान्यता छ। नेपाली मिथिला क्षेत्रमा भने सन् १९९० तिर यसले थोरै व्यावसायिक आकार ग्रहण गर्‍यो। २०५१ सालमा जनकपुरमा नारी विकास केन्द्रको स्थापना विदेशी महिला क्लेयर बर्केटले गर्नुभएको थियो। मिथिला चित्रकलालाई व्यावसायिक रूपमा अघि बढाउने उद्देश्यले सो संस्थाको स्थापनापश्चात् नै मिथिला चित्रकलालाई व्यावसायिकरूपमा लिन थालिएको हो।

मिथिलाकी महिलाहरू सानैदेखि आफ्नो घर-आङ्ग र भित्ताहरूमा चित्र कोरेको देख्दै हुर्केका हुन्छन् । मिथिलाञ्चलमा मनाइने प्रायः प्रत्येक पर्व र विवाह आदिमा विधि-व्यवहारसम्बन्धी चित्र कोर्ने विशेष परम्परा रहेको छ। त्यस्तै धार्मिक अनुष्ठानका अरिपणलगायत विभिन्न चित्र अनिवार्य प्रायः भएकाले मिथिलाका चेलीहरूले चित्रकलाको ज्ञान एकप्रकारले विरासतमै पाएका हुन्छन् ।

यसबाट आर्थिक आम्दानी पनि राम्रो हुन थालेपछि युवा पुस्तामा मिथिला चित्रकलालाई आफ्नो करियरको रूपमा अगाडि बढाउने क्रम बढेको छ।

## अग्रजहरुका पदचाप पछ्याउँदै

झण्डै दुई दशकअघि वरिष्ठ चित्रकार मिथिलादेवी यादवले चित्रकलालाई आफ्नो जीविकोपार्जनको आधार बनाउनुभएको थियो। उहाँ भन्नुहुन्छ, “त्यतिबेला मिथिला पेन्टिङलाई व्यावसायिक रूपमा खासै हेर्ने गरिएको थिएन।” सानो उमेरमा बिहे गरेर साधारण परिवारमा जानुभएकी मिथिलादेवीले अशिक्षाको अध्यारो आकाशलाई चित्रकलाको प्रकाशले दीप्त बनाउनु भयो। रङ र कुचीले आफ्नो सुनौलो भविष्य कोर्नुभयो । परिवार पाल्नुपर्ने जिम्मेवारी अनायास आइलागेपछि उहाँले चित्रकलालाई नै जीविकाको माध्यम बनाउने आँट गर्नुभयो र सफल हुनुभयो पनि । उहाँले व्यावसायिक रूपमा मिथिला चित्रकलाको शुरुआत गर्दा थुप्रै महिलालाई यसमा जोड्नुभयो । उहाँ नेपाल ललितकलाको प्राज्ञ परिषद सदस्यसमेत भइसक्नुभएको छ।

त्यस्तै मिथिला चित्रकलालाई दशकौंअघि आफ्नो रोजगारको माध्यम बनाउनु भएको अर्को ख्यातिप्राप्त वरिष्ठ चित्रकार हुनुहुन्छ विजयदत्त मणि । उहाँले जनकपुरमा बसेर मिथिला चित्रकलाको साधनामा जीवनयापन गर्नुभयो र आज पनि उत्तिकै सक्रिय हुनुहुन्छ। अर्का चर्चित वरिष्ठ चित्रकार अजित साह पनि चित्रकलामै स्थापित हुनुभएको छ।

## महिला सशक्तीकरण, हिंसा र यातनाबारे अभिव्यक्त हुँदै कलाकार

युवा चित्रकार सुनयनाका अनुसार मिथिला चित्रकलालाई व्यावसायिक रूपमा अँगाल्ने महिलाहरूको सङ्ख्या बढ्दो छ । पहिले पारम्परिक विधि-व्यवहारका पेन्टिङ बनाउने महिलाहरूले यतिबेला महिला सशक्तीकरण, महिला हिंसा र यातनाबारे पेन्टिङमा बोल्न थाल्नु भएको छ । कला अभिव्यक्तिको माध्यम हो, हामी जुन समय र समाजमा बाँचेका हुन्छौं त्यसको सकारात्मक र नाकारात्मक दुवै पक्ष हाम्रो चित्रकलामा पनि अभिव्यक्त भएर आउँछ नै। हामी युवा छौं र हामीले भोगेको, देखेको र चाहेको परिवर्तनलाई नै आकार दिने हो। कुनैबेला स्वतःस्फूर्त रूपमा नै पारम्परिक चित्रकला आफैँ कोरिदैजान्छ क्यानभासमा भने संस्कृति र वातावरण पनि हाम्रो चित्रकलामा आउँछ । अहिलेका युवाहरूको चित्रकलामा प्रायः जनचेतना, परिवर्तन र विद्रोहको झल्को पाइन्छ । तर पारम्परिक चित्रकलाको आफ्नो मौलिक आकर्षण छदैंछ। यसले आयआर्जन पनि दिएको छ।

अर्की युवा चित्रकार रन्जु सुनाउनुहुन्छ, “मैले शुरुआत गर्दा यो क्षेत्रमा व्यावसायिकरूपमा लोगकी महिलाको सङ्ख्या न्यून थियो तर यतिबेला ह्वात्तै बढेको छ। समर्पणका साथ लाग्ने हो भने मिथिला चित्रकलाले नाम, दाम र आत्मसम्मान सबै दिन्छ। साथै अन्य कलाकारहरूले पनि आफ्नो फाइन आर्टमा मिथिलाको स्वाद दिने प्रचलन बढेको छ। उहाँ भन्नुहुन्छ, “मिथिला चित्रकला विश्वप्रसिद्ध भइसक्यो । फाइन आर्टका अन्य चित्रकलाहरू कुनै न कुनै कलासँग मेला खाइरहेको आभास पाउछौं तर मिथिला चित्रकला अन्य कुनै कलासँग मिल्दैन। यो छुटै प्रकृतिको चित्रकला हो। अन्य समुदायबाट आएर मथिला चित्रकला गरिरहेका कलाकारहरूले भने विशुद्ध व्यावसायिक रूपमा गरिरहेका छन्।”

## मधेसको सकारात्मक विम्ब पनि

युवा कलाकार रन्जु सम्झनुहुन्छ, “मेरो एकल प्रर्दशनी अवलोकन गर्न बबरमहलस्थितआर्टग्यालरीमाआउनुभएको पूर्वमन्त्री मात्रिकाप्रसाद यादवले समाजिक विषयवस्तुमाथि यत्रो चित्र कोर्नुभयो तर विदेश जाने युवाहरूलाई समेट्नुभएन भन्नुभएको थियो । मधेसमा विदेश जानेको लर्को लाग्ने गर्छ, पुरुष त कमाउन विदेश उड्छन् तर उनको श्रीमती बालबच्चासहित दूरदराजमा कसरी बस्छिन् ? बच्चा बिरामी पर्दा कसरी अस्पताल पुर्‍याउँछिन् ? त्यही विषयमाथि मैले चित्र कोरेको थिएँ । मैले महिलाले साइकलमा बसाएर बच्चालाई स्कुल पुर्‍याएको र एक्लै खेतबारीमा काम गर्दैगरको चित्र मैले उहाँलाई देखाउँदा उहाँले ताली बजाउनुभयो।

रन्जु भन्नुहुन्छ, ‘डिजास्टर टुरिज्म’ थिमको चित्रकलालाई पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले ट्वीट गर्नुभएको थियो। खासमा मैले चित्रमा, बाढीले जलमग्न मधेसको अनुगमनमा नेता र मन्त्रीहरू हेलिकप्टरमा आउने र माथिमाथिबाटै उडेर फर्किने गरेको दृश्य कोरेको थिएँ। यो दृश्य हामीले प्रत्येक वर्ष बोहोर्ने गरेका छौं । मानौं, मधेस ‘डिजास्टर टुरिज्म‘को एउटा केन्द्र नै हो। पूर्व प्रधानमन्त्री माधव नेपालले पनि फोन गरेर मलाई बधाई दिनुभएको थियो । रन्जुको विदेशमै तीन वटा एकल प्रर्दशनी भइसकेका छन् भने थुप्रै समूहिक प्रर्दशनी पनि गरिसक्नुभएको छ।

## बजारको खोजी

वरिष्ठ चित्रकार एस.सी. सुमन भन्नुहुन्छ, “बजारको विस्तार भइरहेको छ, यतिबेला मान्छेमा कलाप्रति सचेतना बढेको छ। अहिले मधेस अथवा मैथिलहरू मात्रै नभएर सबैले मिथिला चित्रकलालाई आफ्नो घरको भित्ता, पर्खाल, आँगन, होटल, अफिस, सरकारी कार्यालयदेखि सार्वजनिक धरोहरहरूमा समेत सजाउन चाहन्छन् । घरमा पुस्तक हुनुजत्तिकै अहम् भूमिका चित्रकलाको पनि भइसक्यो । यसले हाम्रो कलाप्रतिको अनुराग पनि झल्काउँछ। त्यसैले यसको माग बढ्दो छ। एकल र सामूहिक चित्रकला प्रदर्शनी, ग्यालरी, स्वदेशी-विदेशी बजार र क्राफ्टको माध्यमबाट पनि मिथिला चित्रकलालाई बजारसँग जोड्दै जानुपर्ने देखिन्छ।

चित्रकार सुनयना भन्नुहुन्छ, “मिथिला चित्रकलालाई उपयुक्त बजारको अभाव छ। यसमा धेरै काम गर्नु पर्ने बाँकी छ। यद्यपि यसको बजारीकणका लागि हामीले नीति बनाएर हिंड्न सक्यौं भने यो ठूलो बजार बन्न सक्छ। सरकारको सहयोग पनि उत्तिकै आवश्यक छ।” उहाँले काठमाडौंको ठमेलमा पनि आफ्नो आर्ट ग्यालरी सञ्चालन गर्नुभएको छ । कोरानाको समयमो अन्य व्यापारजस्तै चित्रकलाको व्यापारलाई पनि प्रभावित पारेको उहाँ बताउनुहुन्छ। उहाँको ग्यालरीमा मिथिला चिलकलाको अम्बार छ, पारम्परिक चित्रकलादेखि लिएर नारी सशक्तीकरण, वतावरण, विभेदविरुद्धको हुँकारलगायतका चित्रकलाले सजिएको छ । यस अतिरिक्त मिथिला चित्रकलाका साडी, सल, खादा, कप, ब्यागलगायतका उपहार दिन मिल्ने वस्तुहरू पनि उपलब्ध छ। विदेशी पर्यटकहरु पनि आर्ट ग्यालरीमा आएर विभिन्न चित्रकला खरिद गर्ने गर्दछन्।

चित्रकला क्यान्भासमा मात्रै नगरेर साडी, कुर्ता, सलमा गरेर पनि आयआर्जन गर्न सकिने सुनयनाको भनाइ छ। उहाँ भन्नुहुन्छ, “यसले धेरै गृहणी महिला जो मिथिला चित्रकलामा निपुण हुनुहन्छ उहाँलाई घर बसीबसी काम गर्ने वातावरण हुन्छ।” सङ्घीय र प्रदेश सरकारको सहयोगका साथ अघि बढ्यौं भने मिथिला चित्रकलामा नेपाल बृहत बजार बन्न सक्ने उहाँको तर्क छ। मिथिला चित्रकलाका पारखीहरूले मात्र चित्र अथवा क्राफ्ट किन्ने उहाँको अनुभव छ। दश जना महिलाको समूहबाट कामको शुरुआत गर्दै यतिबेला सुनयनाले २५ जनालाई प्रत्यक्ष-अप्रत्यक्ष रूपमा रोजगार दिनुभएको छ।रासस

HIMALAYAN LIFE

प्रधान कार्यालय : मनकामना मार्ग, काठमाण्डौं, नेपाल

फोन नं. ५९००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितले बीमालेख हराएको/नासीएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

तपसिल

| क्र. सं. | बीमालेख नं. | बीमितको नाम,थर | ठेगाना |
|---|---|---|---|
| १ | ULI२१६००००५३८ | जितेन्द्र कुमार भारती | गौर २ रौतहट |

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : दिन राम्रो छ। सोचेका काम बन्नेछन्।
वृष :प्रतिकार गरेर बोल्ने बानीले अप्ठेरो परिस्थितिको हुन सक्छ।
मिथुन : साना कुराले मन अशान्त बन्नेछ।
कर्कट : राज्यको सेवामा भए महत्त्वपूर्ण काम बन्नेछ।
सिंह :साथीभाइलेसचेत भएर काम गर्नुपर्नेछ।
कन्या : साथीभाइ र आफन्तको साथ मिल्नेछ।
तुला : अनुत्पादक क्षेत्रमा खर्च बढ्नेछ।
वृश्चिक : आम्दानीका दृष्टिले दिन राम्रो छ।
धनु : दिन राम्रो छ। साथीको साथ र प्रशंसा प्राप्त गर्ने योग छ
मकर : तपाईंले कला र गलाको प्रदर्शन गर्ने दिन हो।
कुम्भ : साना कुराले मनमा झन्झट थप्नेछ।
मीन : साथीले सकारात्मक व्यवहार देखाएकाले तपाईंलाई हुने

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४:०० बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



रौतहटको चन्द्रपुर नगरपालिका वडा नं २ जुडिबेला र वडा नं ३ गैंडाटारका किसानले गरेको केराखेतीमा जङ्गली हात्तीले पुऱ्याएको क्षति । करिब पाँच विगाहभन्दा बढी जमिनमा लगाएको केराखेतीमा हात्तीले नोक्सान गरेको छ । *तस्बिरः रासस*

# 'जलवायु परिवर्तनबाट उत्पन्न विपत्तिको सजाय नेपालले भोग्नुपरिरहेको छ'



काभ्रेपलाञ्चोक। परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले जलवायु परिवर्तनका कारण नेपालमा बेमौसमी विपत्ति आएको बताउनुभएको छ। सुरक्षित मातृत्व सञ्जाल महासङ्घ नेपालद्वारा विहिबार यहाँ आयोजित ब्लाङ्केट वितरणमा उहाँले बेमौसमी विपत्तिका कारण नेपालले जनधनको क्षतिको जोखिम भोग्दै छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "जलवायु परिवर्तनको असरका कारण नेपालमा बर्षायाम सकिएपछि गएको असोजमा बेमौसमी बाढीपहिरो आयो, यो विपत्ति ल्याउन नेपालले कुनै बातावरणीय प्रभावका काम गरेको छैन, गल्ती नगर्दा पनि अन्य देशका कारण भएको जलवायु परिवर्तनको असरले निम्त्याएको विपत्तिले जनधनको क्षति ब्यहोर्नुपऱ्यो ।" नेपालको कारण जलवायु परिवर्तन नभएको तर, अन्य देशका कारण नेपालले पनि क्षति ब्यहोर्नुपरेकाले आफुले अन्तराष्ट्रिय फोरममा यसबारे विषय उठान गर्दै आएको उहाँले व्यक्त गर्नुभयो ।

मन्त्री राणाले नेपालमा भएको विपत्तिको क्षति कस्ले तिर्ने प्रश्न गर्दै उहाँले भन्नुभयो, "गर्दै नगरेको गल्तीको सजाय नेपालीले भोग्नुपर्ने, यसको क्षतिपूर्ति कस्ले तिर्छ ?" उहाँले जलवायु परिवर्तनका कारण पानी स्रोत सुक्दै जाने भएकाले अबका पुस्ता-सन्तनीलाई निकै गाह्रो हुने बताउनुभयो । "म मेरो सन्तानलाई जन्म दिने बेलामा जुन प्रसव पीडाबाट गुज्रिए, मर्छु कि बाँच्छु भन्ने अवस्थामा पुगेको थिए", उहाँले थप्नुभयो "म र मेरो सन्तान त बाच्यो तर, यस्तै पीडा सहन बाध्य हुने महिला बाँच्न सक्लान् कि नसक्लान् भनेर यो अभियानमा जोडिएको थिएँ ।"

म न्त्री राणाले सो अवसरमा जिल्लाको पनौती र नमोबुद्ध नगरपालिका तथा रोशी, बेथानचोक, भुम्लु र तेमाल गाउँपालिकामा एक हजार ९० ब्लाङ्केट सम्बन्धित तहका जनप्रतिनिधिलाई हस्तान्तरण गर्नुभएको थियो । ती स्थानीय तहमा रहेका गर्भवती तथा सुत्केरी महिलाको सङ्ख्याका आधारमा ब्लाङ्केट बितरण गरिएको थियो ।

कार्यक्रममा नेपाली काँग्रेसका केन्द्रीय कोषाध्यक्ष उमेश श्रेष्ठले लैङ्गिक हिसाबले हरेक क्षेत्रमा महिलाको प्रतिनिधित्व निकै कमजोर भएकाले उद्यमशीलतासँग जोडेर क्षमता अभिबृद्धि गर्दै अघि बढाउनुपर्नेमा जोड दिनुभयो। काँग्रेस काभ्रेको सभापति तीर्थ लामाले मन्त्री राणासमक्ष जिल्लामा विपद्बाट भएको जनधनको क्षतिबारे जानकारी गराउँदै बाढीपहिराले क्षतिग्रस्त प्रदेश राजधानी जोड्ने तथा पूर्वको छोटो दूरीका रुपमा सञ्चालनमा रहेको विपी राजमार्ग पुनर्निर्माणमा पहल गरिदिन आग्रह गर्नुभएको थियो।

संस्थाका कोषाध्यक्ष सुनिल श्रेष्ठले सन् १९८६ मा २६ महिला समूहले 'सफा सुत्केरी' अभियान सञ्चालन गरी सुरुआत गरिएको संस्थाले सन् २००५ देखि महासंघको रुपमा काम गरिरहेको बताउनुभयो । उहाँका अनुसार सञ्जालले सुरक्षित मातृत्वका लागि नीतिगत वकालत, पैरवी र बर्थिङ सेन्टर स्थापनालगायतको काम गर्दै आएको छ ।रासस

# वायु सेवा निगमका समस्या अध्ययन गर्न संसदीय उपसमिति गठन

काठमाण्डु। अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको विहिबारको बैठकले नेपाल वायु सेवा निगमका समस्या समाधानका निम्ति अध्ययन गरी एक महिनाभित्र समितिसमक्ष प्रतिवेदन पेस गर्न चार सदस्यीय उपसमिति गठन गरेको छ।

सांसद शिशिर खनालको संयोजकत्वमा गठित उपसमितिमा समितिका सदस्यत्रय छिरिङ ल्हामु लामा (तामाङ), योगेश गौचन थकाली र सुनिता बराल हुनुहुन्छ।

बैठकले संस्कृति, पर्यटन र नागरिक उड्डयन क्षेत्रको बृहत्तर विकासको कार्ययोजना बनाएर त्यसको जानकारी समितिलाई दिन निर्देशन पनि दिएको छ। पर्यटन प्रवर्द्धनका निम्ति विविध जाति, भाषा, धर्म र सांस्कृतिक सम्पदाकाको संरक्षण तथा जातीय र धार्मिक सङ्ग्रहालय स्थापना गर्नुपर्नेमा बैठकले जोड दिएको समितिका सभापति राजकिशोर यादवले जानकारी दिनुभयो।

पुरातात्विक सम्पदा उत्खननका साथै मन्त्रालयअन्तर्गत सार्वजनिक-निजी साझेदारीमा सञ्चालित आयोजनाको प्रभावकारिता अध्ययन गरी त्यसको जानकारी समितिलाई उपलब्ध गराउन पनि उक्त मन्त्रालयलाई बैठकले निर्देशन दिएको छ।

भैरहवा र पोखरा अन्तर ाष्ट्रिय विमानस्थल नियमित रुपमा सञ्चालन गर्न सम्बद्ध निकायहरुबीच सम्झौता गर्ने, नेपाल वायुसेवा निगमको व्यावसायिक योजनालाई कार्यान्वयन गर्ने, राष्ट्रिय महत्व, सुरक्षा र आर्थिक विकासका दृष्टिबाट अत्यावश्यक निर्माणाधीन निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणलाई शीघ्र अघि बढाउन मन्त्रालयलाई निर्देशन दिएको छ। बैठकले पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि बजारीकरण योजनासहितको रणनीतिक कार्ययोजना बनाएर त्यसको जानकारी समितिलाई दिन निर्देशन पनि दिएको छ।

देशका विभिन्न जिल्लामा रहेका वायु सेवा निगमको स्वामित्वका जग्गा तथा भौतिक सम्पत्तिको उपयोग योजना तयार गरी चाँडोभन्दा चाँडो कार्यान्वयन गरेर समितिलाई जानकारी दिन निर्देश गरेको छ।

त्यसअघि संस्कृति, पर्यटन तथा नागरिक उड्डनमन्त्री बद्रीप्रसाद पाण्डेले निगममा समस्या समाधान गर्न आफू क्रियाशील रहेको बताउनुभएको थियो।

मन्त्री पाण्डेले निगमका विमान निर्धारित समयमा नै विमान उड्छन् भन्ने सन्देश प्रवाह गर्न जरुरी भएको बताउनुभयो। नेपाल वायु सेवा निगमलाई सुधार गर्न आफ्नो र मन्त्रालयका तर्फबाट हरसम्भव प्रयत्न भइरहेको उहाँले दोहोऱ्याउनुभएको थियो।

समितिका सदस्य माधवकुमार नेपालले नेपाल वायु सेवा निगमका कामलाई गुणस्तरीय बनाउन सुझाव दिदै निजीकरणले मात्र समस्या समाधान नहुने तर्क गर्नुभयो। निजी विमान कम्पनी नाफामा जाने तर नेपाल वायुसेवा निगम घाटामा जानुको कारणको अध्ययन गरी सुधारका कदम अविलम्ब चाल्नुपर्नेमा जोड दिनुभएको थियो। नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण र निगमबीचको सम्बन्ध सुमधुर नहुँदा पनि समस्या बढेको उहाँले बताउनुभएको थियो।रासस


# आइएसओको मान्यता पाउने पहिलो नेपाली दूरसञ्चार कम्पनी बने एनसेल

**टुडे समाचारदाता**

काठमाण्डु। एनसेलले प्रतिष्ठित आइएसओ २७००१:२०२२ (आइएसएमएस) र २७७०१:२०१९(पीआइएमएस)को मान्यता पाउन सफल भएको छ । यसले डेटा सुरक्षा र गोपनीयतामा एनसेलको नेतृत्वदायी स्थानलाई थप मजबुत बनाएको छ र ग्राहकहरूको विश्वासकालागि नयाँ मापदण्ड स्थापित गरेको छ।

यस उपलब्धिसँगै, एनसेल सूचना सुरक्षा व्यवस्थापन प्रणाली (आइएसएमएस) र गोपनीयता सूचना व्यवस्थापन प्रणाली (पीआइएमएस)प्रमाणित हुने नेपालकै पहिलो दूरसञ्चार कम्पनी बनेको छ, जसले ग्राहकहरूको सूचना सुरक्षा सुनिश्चित गर्ने एनसेलको प्रतिबद्धतालाई पुनः पुष्टि गरेको छ ।एनसेलको विश्वसनीयता र सूचना सुरक्षालाई अझ सुदृढ बनाउँदै कम्पनीको डेटा सेन्टर, ग्राहक सेवा र आईटी सर्भिसेज्ले यीमान्यताहरु प्राप्त गरेकाहुन् ।

"यी विश्वव्यापी मान्यताहरू प्राप्त गर्नु हाम्रो सूचना सुरक्षा र गोपनीयता व्यवस्थापनलाई सुदृढ पार्ने निरन्तर प्रयासहरूको एक प्रमुख कोसेढुङ्गा हो। यसले एनसेल निरन्तर सुधार र उत्कृष्टताप्रति आफ्नो प्रतिबद्धतामा अडिग रहेको,गुणस्तर र सुरक्षाप्रति सधै समर्पित रहेको स्पष्ट पार्दछ ।सीइओका रुपमा, म यो अर्न्तराष्ट्रिय रूपमा मान्यताप्राप्त मापदण्ड प्राप्त गर्ने परिवर्तनकारी अनुभव साझा गर्न पाएकोमाहर्षित छु । यसले टेलिकम उद्योगमा उत्कृष्टताप्रति हाम्रो प्रतिबद्धतालाई उजागर गर्दछ।हाम्रो टिमको समर्पणमा म अत्यन्तगर्व गर्छु, र नवीन प्रविधि भित्राउन नेतृत्वदायी भूमिका निर्वाह गर्दै सूचना सुरक्षा र डेटा




गोपनीयताका उच्चतम मापदण्डहरू कायम राख्नेछौं,"एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले भने ।

यी मान्यताहरु ग्राहक डेटा सुरक्षा र डेटा सेन्टर, ग्राहक सेवा र आईटी सर्भिसेज्मा गोपनीयता सुनिश्चित गर्ने अभ्यासहरुमा एनसेलले उच्चतम मापदण्डहरू पुरा गरेको प्रमाण हो । यसले ग्राहकहरूलाई उनीहरुका व्यक्तिगत र संवेदनशील जानकारीहरु एनसेलल उच्चजवाफदेहीताका साथ ह्यान्डल गर्ने र डेटाहरु सुरक्षित रहने प्रत्याभुति प्रदान गर्दछ।

ग्राहक र साझेदारहरुका डाटा साइबर थ्रेट र अनधिकृत पहुँचबाट जोगाउन एनसेलले सशक्त उपायहरू कार्यान्वयन गरेको आइएसओ २७००१ मान्यताले सुनिश्चित गर्दछ । त्यसै गरी, आइएसओ २७७०१ले व्यक्तिगत डेटा सुरक्षा गर्न, उलूलंघनको जोखिमलाई कम गर्नर गोपनीयतामाउत्कृष्ट अर्न्तराष्ट्रिय अभ्यासको अनुपालन गरेको सुनिश्चित गरेको छ।

अ ा इ ए स अ ो मापदण्डहरू पालना गरेर, एनसेलले ग्राहकहरूलाई उनीहरुको डाटा अन्तर्राष्ट्रिय मापदण्ड प्रक्रियापुरा गरेको एक सुरक्षित प्रणालीले संरक्षण गरिरेहको सुनिश्चितता प्रदान गर्दछ।यी मान्यताहरुले एनसेलको पारदर्शिता र जवाफदेहीतालाई दर्शाउँछ जसले ग्राहकको विश्वास नै व्यवसाय सञ्चालनको केन्द्रबिन्दु रहेको सुनिश्चित गर्दछ ।एनसेलका सिस्टमहरू सम्भावित अवरोधहरु न्यूनिकरण गर्ने, जोखिमहरू कम गर्ने, र व्यवसाय निरन्तरतालाई बढाउने गरी डिजाइन गरिएको छर सबै प्रक्रियामा डेटा सुरक्षा र गोपनीयतालाई उच्च प्राथमिकता दिइएको छ।

यस उपलब्धिसँगै, एनसेलले नेपालको दूरसञ्चार क्षेत्रमा एउटा नयाँ मापदण्ड स्थापित गरेको छ ।ग्राहक र व्यवसायिक क्लाइन्टहरूलाई सुरक्षित र भरपर्दो सेवा प्रदान गर्दै आफ्नो नेतृत्वलाई थप सुदृढ पारेको छ।

# नेपाल एसबिआई बैंक लि. द्धारा सामाजिक उत्तरदायित्व कार्यक्रम

**टुडे समाचारदाता**

नेपाल एसबिआई बैंक लि. द्धारा सामाजिक उत्तर दायित्व कार्यक्रम अन्तर्गत दोलखा जिल्लाको भिमेश्वर नगरपालिका वडा नं ९ स्थित श्री सुर्के माध्यमिक विद्यालय भण्डारेमा अध्ययनरत सम्पुर्ण विद्यार्थीहरुकालागि स्कुल ब्याग तथा शैक्षिक सामाग्री प्रदान गरेको छ। कार्यक्रममा बैंकका प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत, दीपककुमार देले श्री सुर्के माध्यमिक विद्यालय भण्डारे समितिका अध्यक्ष र प्रधानाध्यापकलाई औपचारिक रुपमा उक्त सामाग्रीहरु हस्तान्तरण गरेका थिए।




सो कार्यक्रममा बैंकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत९नियुक्त०, श्री रामकुमार तिवारी, नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तिय अधिकृत, राजेश कुमार पंडा, प्रमूख संचालन अधिकृत, विकास आनन्द, प्रमुख जोखिम तथा अनुपालन अधिकृत, विष्णुदेव यादव, प्रमुख कर्जा अधिकृत, अर्जुन नेपाल, प्रमुख व्यवसाय प्रबर्धन अधिकृत रितेश अर्याल र बैंक तथा स्कुल समितिका अन्य उच्चपदाधिकारी र शिक्षकहरु समेतको उपस्थिति रहेको थियो । बैंकले शिक्षा क्षेत्रमा यस किसिमको कार्यक्रम समय समयमागर्दै आइरहेको छ।

हाल बैंकले १००शाखा, २२ एक्सटेन्सन काउण्टर, ७प्रदेश कार्यालय, १९शाखारहित बैंकिङ सेवा, १२२ एटीएमर १ कर्पोरेट कार्यालयमार्फत सेवा प्रदान गर्दै आइरहेको छ।

## सहकारीको बचत रकम अपचलनसम्बन्धी मुद्दामा थुनछेक बहस सकियो

गण्डकी। पोखराको सूर्यदर्शन सहकारीको बचत रकम अपचलन मुद्दामा जिल्ला अदालत कास्कीमा सरकारी वकिलको जवाफी बयान सकिएको छ। जिल्ला न्यायाधीवक्ता कमला काफ्लेले थुनछेक बहस सकिएकाले विहिबार साँझसम्ममा इजलासबाट थुनछेकको आदेश हुनसक्ने जानकारी दिनुभयो।

जिल्ला न्यायाधीश नीतिज राईको इजलासमा यही पुस १६ गतेदेखि उक्त मुद्दाका सात जना प्रतिवादीको थुनछेक बहस सुरु भएको थियो। उक्त मुद्दाका आरोपी एवं पूर्वगृहमन्त्री रवि लामिछानेसहित सात जना प्रतिवादीको बहस सकिएपछि बुधबार जाहेरवाला सहकारीपीडित पक्षका कानुन व्यवसायीले जवाफी बहस गर्नुभएको थियो।

विहिबार सरकारी वकिलका तर्फबाट जिल्ला न्यायाधीवक्ता काफ्लेलगायतले जवाफी बहस गर्नुभएको जिल्ला अदालतले जनाएको छ।रासस

# स्व.महतोको पाँचौं स्मृति दिवस मनाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । चुरे तथा पर्यावरण संरक्षण अभियन्ता स्व.ओमप्रकाश महतो (दिलीप) को पाँचौं स्मृति दिवस मनाइएको छ। अवैध नदी दोहनको विरोध गर्दा क्रसर माफियाबाट मारिएका काठमाण्डुमा बिहीबार स्व. महतोको पाँचौं स्मृति दिवस मनाइएको छ।

ओमप्रकाश महतो उर्फ दिलीप पर्यावरण संरक्षण प्रतिष्ठानको आयोजना माइतीघरमा स्मृति दिवस मनाइएको छ । वि.सं. २०७६ पुस २५ मा धनुषाको मिथिला नगरपालिका ५ स्थित श्रीपुरका पर्यावरण संरक्षण अभियन्ता दिलीपको औरही खोलामा भइरहेको उत्खनन रोकाउन जाँदा टिप्परले किचेर उनको हत्या भएको थियो।

उनको हत्या अभियोगमा जिल्ला अदालत धनुषाले २०७९ फागुनमा तीन जनालाई साढे १२ वर्षदेखि २५ वर्षसम्मको कैद सजाय आदेश दिएको छ।




# श्रीराम मन्दिरको वार्षिकोत्सवको अवसरमा दीप प्रज्जवलन गरिने



फाइल फोटो

**टुडे समाचारदाता**

जनकपुरधाम। विश्व हिन्दू परिषद् नेपालले भारतको अयोध्यास्थित श्रीराम मन्दिरको वार्षिकोत्सवको अवसरमा दीप प्रज्वलन गर्ने भएको छ।

श्रीराम मन्दिर निर्माणको इतिहास र यसको सम्पूर्ण बलिदान र संघर्षको महत्वलाई दर्साउँदै यही पुस २७ गते शनिबार दीप प्रज्वलन गरिने भएको विश्व हिन्दू परिषद धनुषाका युवा प्रमुख मोहन हिन्दुले जानकारी दिए।

सो अवसरमा प्रमुख आकर्षणका रूपमा राम मन्दिरको इतिहासको डकुमेन्ट्री आधुनिक प्रोजेक्टरमार्फत प्रदर्शन गरिन उनले बताए।

जानकी मन्दिरमा शनिबार दिउँसो आयोजना हुने भव्य उत्सवमा सहभागी हुनका लागि कार्यक्रमका संयोजक तथा नगर उपाध्यक्ष गौरी शंकरले जनकपुरधामवासीलाई अनुरोध गरेका छन्।

अओध्याधाम चले ॥ श्री गणेशाय नमः ॥ अओध्याधाम चले
आओ करे यात्रा मंगलमय चारो धाम की
शिव गंगा टुर्स एण्ड ट्राभ्लस द्वारा संचालित
यही मिति २०८१/०९/२६ गते शुक्रबारका दिन से शुभारम्भ
२x२ लकजरी भिडियोकोच बस खुल्ने जारही है




महाकुम्भ, प्रयागराज १३ जनवरी पूर्णीमा शाही स्नान १४ जनवरी तिलासक्राति स्नान
१५ जनवरी महाकुम्भ स्नान, एक ही साथ ३ स्नान महत्वपूर्ण के साथ होगा
हमारा विषेश यात्रा सेवा नं. 1
थावेवाली माई, बनारस, काशी विश्वनाथ ज्योतीलिंग, विन्धयाचल माई, अष्ठभुजी दुर्गा माता,प्रयागराज संगम महाकुम्भ स्नान, चित्रकोट चारधाम, राम घाट, सतिअन्सुइया, गुप्त गोदावरी, मन्दाकनी, कामतगरी, तुल्सीदास घाट, गुप्तेश्वर गंगा, बागेश्वर बालाजी धाम, अयोध्याधाम, गोरखपुर, गोरखनाथ दर्शन पुजा कराते हुऐ जनकपुरधाम आपस।
सेवा नै धर्म है हर हर महादेव, घर घर महादेव
नोट :
यह यात्रा १० दिन का होगा दो समय का भोजन टिकट के साथ मे होगा टिकट दर ७५०० मात्र भारु
महाकुम्भ आगामी तीसरा यात्रा यहि मिति २०८१।१०।१६ गते माघ का होगा २९ जनवरी स्ना
महाकुम्भ आगामी चौथा यात्रा यहि मिति २०८१।१०।२१ गते माघ का होगा ३ फरबरी स्नान
महाकुम्भ आगामी पचमा यात्रा यहि मिति २०८१।१०।३० गते माघ का होगा १२ फरबरी स्नान
महाशिबरात्री आगामी छठा यात्रा यहि मिति २०८१।११।१४ गते फाल्गुन का होगा २६ फरबरी स्नान





प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. 8271086993 (भारत)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# घेराबन्दी कसको ?

सरकारको नेतृत्व गर्ने दलका लागि सत्ता घटक दल मुख्य आधार र शक्ति हुने गरेको छ। सिद्धान्तःएक दलको बहुमत प्राप्त सरकार समृद्धि , विकास , योजना कार्यान्वयन , चुनावी घोषणालाई साकार पार्ने दिशामा महत्वपूर्ण मानिन्छ । बहुमत प्राप्त दलको चिन्तन जनताबाट प्राप्त अभिमतको केन्द्रमा निहित हुने गरेको छ । यस विपरीतको राजनीतिक गणीतीय अवस्थामा अन्य दलको साझेदारीमा सरकारको नेतृत्व र सञ्चालनको वैकल्पिक राजनीतिक प्रक्रियालाई शिरोधार्य गरिन्छ। साझेदारी दलको सहकार्यमा निर्माणमा हुने सरकारको खाकामा साझेदार दलको छवि दूरगामी शक्तिबोधक हुन्छ। मुख्य रुपले यसको सफलता र असफलताको भविष्य नेतृत्वकर्ताको चरित्र , इमानदारिता , कर्तव्यबोध , अग्रसरतामा निर्भर रहन्छ। सरकार निर्माण गर्दा साझेदारसँग गरिएको प्रतित्रद्धता , वाचालाई कार्यान्वयन गर्नु सरकार सञ्चालनमा अन्तरनिहितलाई सरकारको आयुलाई संकेतबोधक मानिने गरिएको छ। सत्ता गठबन्धनको , व्यवहारिक रुपरेखा एकल भएमा सरकार दुर्घटित हुने , अस्थिरताबाट आक्रान्त भइ असफलताको कारक बन्ने गरेको छ । मुख्य रुपले यस्तो अवस्थामा राजनीतिक संस्कारको गहनतालाई सरकारलाई दुर्घटनाबाट बचाउने रणनीतिक आधार हुन्छ। केन्द्रमा पनि कुनै पनि दलको सरकार छैन , प्रदेशमा पनि सोही अवस्था विद्यमान छ। केन्द्रमा अस्थिरता भए पछि त्यसको प्रतिकूल प्रभाव प्रदेशमा पनि पर्दछ। सत्ता साझेदारले निर्माणका आधारमा प्रदेशमा बनेको सरकारको सञ्चालन प्रक्रिया आश्रित हुने गर्छ। मुख्यतः सत्ता घटकमा सममझदारी , सन्तुलन कायम सरकार सञ्चालनको साँचो हुन्छ। मधेश प्रदेश पनि यही चक्रमा छ। लालबाबु राउतदेखि सतीशकुमार सिंहसम्मको मुख्यमन्त्रीको चार्टमा लालबाबु राउत , सरोजकुमार यादव उपेन्द्र यादवको दलबाट नेतृत्व गरे भने सतीशकुमार सिंह जनमत पार्टीबाट नेतृत्व गरिरहेका छन्। राउत र यादवको सरकार पनि साझेदारीमै सञ्चालन भएको थियो । उनीहरुको कार्यकाल उपेन्द्र यादवको दबाब र प्रभावको घेराबन्दीमा रहयो भने सतीशकुमार सिंह पार्टी अध्यक्ष डा. सीके राउतको अभिव्यक्ति , निर्देशनको पालनबाट आक्रान्त बनेको छ । परिणामतः जनमत पार्टीका अध्यक्ष सीके राउत स्वयम् घेराबन्दी महसुस गर्न थालेका छन् । मुख्यमन्त्री सतीशकुमार सिंह पार्टी अध्यक्ष सीके राउतको घेराबन्दीमा छन् कि सत्ता घटक दलको घेराबन्दीमा छन् ? प्रश्नको ओइरो प्रदेशसभाका सांसदहरु माझ छ। यस्तो अवस्थामा साझेदार दलसँगको प्रतिबद्धताको सवाल , योजना कार्यान्वयन , बजेटमा समग्रको सम्बोधन जस्ता पक्ष प्रदेशसभाका सांसदका लागि विचारणीय बनेको छ भने रेडबुकमा उल्लेख असन्तुलित योजना र बजेटको पुनर्विचार , सरकार सञ्चालनमा सत्ता घटक दलको अस्तित्व स्वीकार मुख्यमन्त्री सतीशकुमार सिंह सरकारका लागि संजीवनी बुटी साबित हुनसक्छ।

# अर्धवामपन्थको यात्रामा नेपाली कांग्रेस



श्रीमन नारायण

नेपालमा वामपन्थी दलको नेतृत्वमा सरकार अस्तित्वमा आउने बित्तिकै यो चीनतिर बढी उदार देखिने र भारत एवं अमेरिका लगायतका पश्चिमी राष्ट्रहरुसित अपेक्षाकृत राम्रो सम्बन्ध कायम राख्न नसक्ने जनधारणा विकसित भइसकेको छ । नेपालको भूराजनीतिक अवस्थालाई विचार गरेर वर्तमान सरकारले आफ्नो काम र व्यवहारबाट नै नेपाल चीन मात्रै होइन, भारत, अमेरिका र पश्चिमा शक्तिका लागि पनि एउटा भरपर्दो स्वाभिमानी र विश्वासयोग्य मुलुक हो भन्ने सन्देश प्रवाहित गर्न सक्नुपर्दछ । जोशमा तथा भावावेशमा आएर कुनै एउटा मित्र राष्ट्रको पक्षमा उभिने तथा अर्कोको विरोध गर्नु दूरदर्शिता होइन । विदेशी नीतिको आधार जनता वा राष्ट्र हुनुपर्छ । व्यक्तिगत सम्बन्ध अथवा दलीय चिन्तनको आधारमा परराष्ट्रनीतिको सञ्चालन हुन सक्दैन तर नेपालमा वामपन्थी दलको नेतृत्वको सरकारका पालामा यही भएको छ। वर्तमान परिस्थितिमा नेपालप्रति न त भारत, न त चीन र न त अमेरिकाले नै विश्वास गर्न सकिरहेको अवस्था छ। सबैभन्दा आश्चर्यजनक काम त नेपाली कांग्रेसबाट भएको छ । नेपालमा वैकल्पिक लोकतान्त्रिक दल अस्तित्वमा आउन नसकेका अथवा जनताको विश्वासको कसीमा सफल साबित हुन नसकेको कारण नेपाली कांग्रेस एक मात्र विकल्प बनेको छ। उत्तरी छिमेकी चीनको बारेमा नेपाली कांग्रेसको नीतिमा ठूलो परिवर्तन भएको छ । आफ्नै पुराना निर्णयहरु विपरीतको सम्झौतामा यो दह्रो रुपमा उभिएको छ। उत्तरी छिमेकी चीनसित सुमधुर सम्बन्ध बनाउने नेपाली कांग्रेसको प्रयास स्वयं उसकै निम्ति घातक साबित भएको छ भन्ने यथार्थलाई उसले किन स्वीकार गर्न चाहेको छैन ? उत्तरी छिमेकी चीनको भ्रमण त स्व. बि.पी. कोइरालाको निम्ति पनि लाभदायक साबित हुन सकेको थिएन भन्ने अन्य नेताको सफल हुने प्रश्न नै उठ्दैन ।

दुवै छिमेकीसित समानतामा आधारित सम्बन्ध राख्ने दाबी नै अर्थहीन हो । समानतामा आधारित सम्बन्धको मापदण्ड के के हुन सक्दछ ? खानु-खुवाउनु, आउनु-जानु, लिनु-दिनु, प्रत्येक संकटका बेला डटेर उभिनु नै मित्रताका लक्षण हुन् । के हामी अथवा विश्वका कुनै पनि दुई देशले एकअर्कासित यस्तो व्यवहार गर्नु सम्भव छ त ? नेपालले एक चीन नीति मान्दै आएकोमा गत वर्ष नेपाली कांग्रेस समेत सहभागी सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको चीन भ्रमणका क्रममा जारी गरिएको संयुक्त वक्तव्यको छैठौँ बुँदामा नेपालले एक चीन सिद्धान्तलाई मान्ने उल्लेख गरियो । नीतिको ठाउँमा सिद्धान्त शब्दले स्थान पायो । पहिलेका संयुक्त वक्तव्यमा ताइवान चीनको भूभागको अविभाज्य भाग र नेपाली पक्ष "ताइवान स्वतन्त्रता" को विरुद्ध छ भनेर उल्लेख गरिन्थ्यो। तर यस पटकको संयुक्त वक्तव्यमा ताइवान चीनको अविभाज्य भाग हो र आफ्नो राष्ट्रिय पुनः एकिकरण हासिल गर्ने चीनको प्रयासलाई नेपालले दृढतापूर्वक समर्थन गर्दछ र "ताइवान स्वतन्त्रता" को विरोध गर्दछ भनेर परिमार्जित भाष उल्लेख गरिएको छ । के भोलिका दिनमा चीनले यदि शान्तिपूर्ण तरिकाले नभई हिंसात्मक तरिकाले ताइवानलाई पुनः एकिकरण गर्न खोजे के नेपालले दृढतापूर्वक समर्थन गर्नेछ त ? नेपाली कांग्रेसले परराष्ट्र मन्त्रालय सम्हाले का



गठबन्धन सरकारको पालामा यस्ता विवादित विषय संयुक्त वक्तव्यमा आउनुले नेपाली कांग्रेसको असंलग्न परराष्ट्रनीति तथा लोकतन्त्र एवं मानवअधिकार प्रतिको प्रतिबद्धतामा पनि प्रश्न उठाउन सकिनेछ। अमेरिकामा डोनाल्ड ट्रम्प पुनः राष्ट्रपति पदमा निर्वाचित भएर आएका छन्। पूर्वी एसियामा सामरिक र कुटनीतिक तनाव अझ बढ्ने निश्चित छ । भारत, अमेरिका र पश्चिमा देशहरु पनि नेपालका सहयोगी मित्र राष्ट्रहरु नै हुन् । भारतसित त हाम्रो परम्परागत बहुआयामिक सम्बन्ध छ । नेपालको प्रत्येक राजनीतिक संकटमा देशका राजनीतिक दलहरुलाई र तिनका नेताहरुलाई समर्थन र सहयोग गर्ने भारत नै हो । नेपाली कांग्रेसमा एक से एक विद्वान अनुभवी र परिपक्व परराष्ट्रविदहरु छन् तर राम्रो भन्दा पनि आफ्नो मान्छेलाई रोज्ने प्रवृत्तिले नेपाललाईं धेरै अहित गरेको छ । संभवतः नेपाली कांग्रेस पनि यसैको शिकार भएको छ।

सन् १९५१ मा चीनले तिब्बतलाई कब्जा गरी आफ्नो भूभाग बनाएपछि नेपाल र चीनद्वारा जारी हुने गरेका संयुक्त वक्तव्यमा नेपाली पक्षले तिब्बत मामिला चीनको आन्तरिक मामिला र नेपालको भूमिमा चीनविरुद्ध कुनै पनि पृथकतावादी गतिविधि हुन नदिने प्रतिबद्धता दोहोऱ्याउँदै आएको छ । तर यसपटक जारी संयुक्त वक्तव्यको त्यस अंशमा तिब्बत नभनी तिब्बतलाई "सिजाङ" भन्ने चिनियाँ शब्द उल्लेख गरिएको छ । सन् १९५१ भन्दा अघिसम्म नेपालको सम्बन्ध चीनसित होइन तिब्बतसित नै थियो । 'त्रिविष्टप' भन्ने संस्कृत शब्दको अपभ्रंश 'तिब्बत' हो । यो साँस्कृतिक नाम हो । तिब्बतीहरु चिनियाँ नागरिक हुन् तर तिब्बत साँस्कृतिक पहिचान हो । कमसेकम नेपालले सम्झौतामा हस्ताक्षर गर्नुअघि यो विषय उठाउनुपर्दथ्यो । नेपाली काग्रेसले पनि केही बोलेन ।

संघीय र प्रदेशको निर्वाचनको संकल्प पत्रमा नेपाली कांग्रेसले बिआरआईबारे प्रष्ट रुपमा उल्लेख नगरेपनि अप्रत्यक्ष रुपमा विदेशी ऋण लिँदा व्यापारिक ऋण भन्दा सहुलियतपूर्ण वा निःशर्त अनुदानलाई प्राथमिकता दिने भनी उल्लेख थियो, बढ्दो आर्थिक अनियमितता र फजुल खर्चका कारण नेपालले ऋण नलिई विकास गर्न सक्दैन भन्ने अवस्था छ । ऋण तिर्नका लागि पनि ऋण लिनुपर्ने अवस्था छ । निजी क्षेत्रको स्वदेशी र विदेशी लगानी उत्साहजनक नरहेको अवस्थामा गम्भीर आर्थिक चुनौतीको सामना गरिरहेको छ ।

नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठकले नै एउटा प्रस्ताव पारित गरी बिआरआईबाट ऋण नलिने, अनुदान मात्र लिने निर्णय गरेको ६ महिना पनि भएको छैन । नेपालको कूल ग्राहस्थ उत्पादनको ४३ प्रतिशत सार्वजनिक ऋण रहेको अवस्थालाई दृष्टिगत गरेर नै भरसक नेपाली कांग्रेसले भारी मात्रामा ऋण नलिने निर्णय गरेको हुनुपर्छ । प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमण अघि भएको पदाधिकारी बैठकबाट पनि बिआरआईबाट अनुदान मात्रै लिने निर्णय नेपाली कांग्रेसले गरेको थियो ।

नेपाली कांग्रेसको आधिकारिक धारणा विपरित चीनको भ्रमणमा दुवै पक्षबाट हस्ताक्षर गरिएको फ्रेमवर्क फर वेल्ट एण्ड रोड कोअपरेशनको चौथो बुँदामा चिनियाँ पक्षले बेल्ट एण्ड रोड संयुक्त रुपमा निर्माण गर्ने ढाँचा अन्तर्गत नेपालको विकास प्रयासलाई प्राविधिक र आर्थिक सहयोग प्रदान गर्नेछ भनिएको छ। साथै दुवै पक्षले सार्वभौम रुपमा प्रारम्भ गरिएका परियोजनाहरुका लागि दुवै पक्षको आवश्यकता अनुरुप प्राविधिक सहयोग र वित्तीय सहायता मोडालिटीहरु मार्फत् काम गर्नेछन् उल्लेख छ। यसको अर्थ उपरोक्त परियोजना अनुदान र ऋण अन्तर्गत सञ्चालन हुन सक्नेछ । सैद्धान्तिक रुपमा नेपालले बिआरआई अन्तर्गत केवल ऋण मात्रै प्रदान गरिन्छ अनुदान होइन। चीनले आजसम्म बिआरआई अन्तर्गत कसैलाई अनुदान दिएकै छैन । यस्तोमा केवल नेपालको लागि मात्रै उसले आफ्नो नीतिमा परिवर्तन गर्ने प्रश्न पनि उठ्दैन, कारण पनि छैन । त्यसमा पनि नेपालका राजनीतिक दल र नेताहरुको अस्थिर एवं अविश्वसनीय अस्थिरतालाई मित्र राष्ट्रहरुले पनि राम्ररी बुझेका छन् । परराष्ट्रमन्त्रीको यो तर्क कि नेपाली कांग्रेसले बिआरआईमा समर्थन नगरेको भए नेकपा एमाले र माओवादी मिल्ने थिए भन्ने तर्क पनि पत्यार लाग्दो छैन। यस तर्कले आफ्नो पार्टीका नेता र कार्यकर्तालाई सम्झाउन सकिएला तर ठूला देशहरुलाई होइन । विश्वजगतलाई होइन ? अहिले भारत र चीनबिच लिपुलेक नाका भएर भारतका तीर्थयात्रीहरुले मानसरोवरको यात्रा गर्ने सहमति भएका छन्। यो नाका सुचारु हुनुले चीनका लागि हाम्रो कुनै महत्व छैन भन्ने प्रष्ट हुन्छ। हुन पनि नेपाल कुनै पनि अर्थमा चीनका लागि महत्व राख्दैन।

नेपालको राष्ट्रियता, राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सार्वभौमिक स्वतन्त्रता, स्वाधीनता, राष्ट्रिय सुरक्षा, असंलग्नता, पञ्चशीलको सिद्धान्त, संयुक्त राष्ट्रसंघको वडापत्रलाई नेपाली कांग्रेसले आफ्नो स्थापनाकालदेखि नै अंगिकार गर्दै आएको अन्तर ष्ट्रिय सम्बन्ध र विदेश नीतिका मार्गनिर्देशक सिद्धान्त हुन् भन्ने कुरा नेपाली कांग्रेसको दस्तावेजहरुमा उल्लेख भई आएका छन् तर बिआरआई सम्झौतामा पार्टीको समर्थनले यस सिद्धान्तको पुष्टि गर्दैन । नेपालको बिआरआई सम्झौतामा पहिलो पटक हस्ताक्षर गर्दा पनि नेपाली कांग्रेसबाट विदेशमन्त्री थिए । नेपालका कम्युनिष्टहरुसित विगत दुई दशकदेखि सहकार्य गर्दै आएको कारण नेपाली कांग्रेसले पनि वामपन्थीको भारी बोक्न बाध्य भएको छ। यो पार्टी कम्युनिष्ट त कदापी बन्न सक्दैन तर आफ्नो लोकतान्त्रिक चरित्रलाई अझ बढी कमजोर बनाउँदैछ । बिआरआईसँगै चिनियाँ राष्ट्रपतिका तीन अन्य पहलहरु जिडिआई, जिएसआई र जिसिआई पनि हिँड्ने गरेको छ । अन्तर्राष्ट्रिय समुदायले नेपाली कांग्रेसलाई पत्यार गर्दै आएको हो तर परराष्ट्र नीतिको सवालमा पार्टी आफ्नो सैद्धान्तिक धरातललाई कमजोर त बनाउँदै गएको छैन ? भन्ने सिंहावलोकन पार्टी भित्र हुनु आवश्यक छ।

# महिनावारी विभेद अन्त्यका भएनन् प्रयास

**ममता भट्ट**

डडेल्धुरा सदरमुकामस्थित भीमदत्त बहुमुखी क्याम्पसमा बिबिएस तेस्रो वर्षमा अध्ययनरत बैतडीको पाटन नगरपालिका-१० कि लक्ष्मी भट्टलाई सदरमुकाम डडेल्धुरामा कोठा पाउन निकै कठिनाइ भएको छ। उहाँले केही दिन साथी र आफन्तको घरमा बसेर क्याम्पस आउजाउ गर्नुभयो। कोठा खोज्दा अचेलका केटीहरूले महिनावारी भएको बेला बार्दैनन् भन्दै कोठा भाडामा दिन कोही तयार भएनन्।

लक्ष्मी भन्नुहुन्छ, "महिनावारीको बेला बार्ने र पानी माग्ने मान्छे भए मात्रै कोठा पाइन्छ भन्ने कुरा फैलिएको रहेछ । डडेल्धुरामा कोठा पाउन यति कठिनाइ भयो कि कतिपय दिन क्याम्पस जानै सकिन।" महिनावारीको कारणले गर्दा उहाँलाई पटकपटक कोठा सर्नुपरेको थियो । यस्ता बाध्यताका कारण क्याम्पसको नियमित पढाइ छोडेर घर फर्किनुपरेको उहाँले बताउनुभयो । "क्याम्पसमा पनि समस्या नै हुन्छ, प्याड फेर्ने ठाउँ हुँदैन", उहाँले आफ्ना पीडा पोख्नुभयो ।

उहाँले आफ्नो घरमा पनि महिनावारीको विभेद भोग्नुभएको छ । मर्यादापूर्वक महिनावारीको समय बिताउने अवसर नै उहाँलाई कहिल्यै मिलेको छैन। महिनावारीका समय आत्मसम्मानसहित सामान्य व्यवहार गर्नुपर्ने कुरा उहाँलाई थाहा छैन। नेपालको संविधानले शारीरिक अवस्थाका कारण कुनै प्रकारको भेदभाव नगर्न र समानताका हक सुनिश्चित गरेको छ । प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हकको सुनिश्चित गरेको छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगर्ने प्रावधान राखेको छ। तर, यो संवैधानिक प्रावधान केवल मीठा शब्दको भरमै सीमित भएको छ। लक्ष्मीजस्ता धेरै महिलाले अझै यसका फाइदाहरू अनुभव गर्न सकेका छैनन्।

**आधार नै कमजोर**

डडेल्धुरा अस्पताल प्रदेशकै एकमात्र सङ्घीय सरकार मातहतको अस्पताल हो तर यहाँ आउने सेवाग्राहीले मात्र हैन, कार्यरत महिला स्वास्थ्य कर्मचारीलाई समेत महिनावारीको समयलाई लक्षित गरेर कुनै पनि सेवा सुविधा छैन। बच्चाको उपचारको लागि दुई दिनदेखि अस्पतालमा बस्दै आएकी बझाङको बित्थडचिर गाउँपालिकाकी सुनिता धामी राति १० बजेतिर महिनावारी हुनुभयो। अस्पतालको धेरै वार्डमा प्याड खोज्दा कतै पाउनुभएन। सानो बिरामी बच्चा काखमा च्यापेर अस्पतालको फार्मेसीमा प्याड किन्न जानुभयो, त्यहाँ पनि सकिएको छ, भन्ने जवाफ आयो। बच्चा बिरामी भएको पीर एकातिर, अर्कोतिर महिनावारी रगत थेग्ने प्याड समेत पाइएन' केही उपाय नचलेपछि बच्चालाई ओढाएको सल च्यातेर, प्याड बनाउनुपऱ्यो।

सुनिता मात्रै हैन, यस्ता समस्या त दैनिक कतिले भोग्छन, कुनै तथ्याङ्क छैन । जहाँ सयभन्दा बढी महिला कर्मचारी कार्यरत छन्, दैनिक तीन सयभन्दा बढी बिमारी उपचारका लागि आउने गर्छन्, त्यो ठाउँमा समेत निःशुल्क महिनावारी प्याडको व्यवस्थापन गरिएको छैन । डडेल्धुरा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा सन्तोष गुप्ताले अस्पतालमा निःशुल्क महिनावारी प्याड राख्न नसकेको स्वीकार गर्नुभयो।

**जहाँ त्यहीं महिनावारी विभेद**

भागेश्वर गाउँपालिका-१ की १७ वर्षीया यमुना गिरी महिनावारी भएको चार वर्ष भयो । १३ वर्षको उमेरदेखि महिनावारी हुन थालेकी यमुनालाई महिनावारी विभेदमा परेको बारेमा जानकारी छैन । उहाँ भन्नुहुन्छ, "मेरो दिदी, भाउजू, आमाले जसरी महिनावारी हुँदा बस्दै खाँदै आएका छन्, म पनि त्यही गरिराखेकी छु । कसले विभेद गऱ्यो भन्नु । महिनावारीको बेला दूध दही खाँदैनन्, दाजु र बुबाको मुख हेर्दैनन् । पहिलोपटक महिनावारी हुँदा २२ दिनसम्म अलग बसैं", उहाँले थप्नुभयो, "२२ दिनसम्म अलग बसिरहेरको बेलामा दोस्रो पटकको पनि महिनावारी भएँ। त्यसपछि फेरि महिनावारी बस्ने समय थपियो। एकैचोटी ६३ दिनपछि घरमा आएको हो।"

घरमा मात्रै होइन, विद्यालयमा पनि उहाँले विभेद भोग्नुपरेको छ। "विद्यालयमा पनि समस्या छ नि ! एक महिनामा पाँच दिन विद्यालयमा प्याड कहाँ फेर्ने ? कहाँ फाल्ने, पेट दुखेमा के गर्ने भन्ने तनावमा बित्छ", उहाँले भन्नुभयो, "पढाइमा ध्यान नै जान सक्दैन । कति पढाइ त छुटिरहेको हुन्छ।" शिक्षा तथा मानव विकास स्रोत केन्द्रको प्रतिवेदन २०८० अनुसार सुदूरपश्चिम प्रदेशमा कक्षा ९ देखि १२ सम्म भर्ना भएका एक लाख ८९ हजार आठ सय ९५ जना जम्मा विद्यार्थी छन् । यसमा ९७ हजार दुई सय पाँच छात्रामध्ये एक वर्षमा ९ देखि १० का २.४ प्रतिशत र ११ देखि १२ कक्षाका १.१ प्रतिशत छात्राले पढाइ छोड्ने गरेका छन् । तर, किन छात्राहरु पढाइ छोडिरहेका छन् ? के महिनावारीकै कारण छोडेका त होइनन् भन्ने विश्लेषण गरिएको छैन।

**सरकारी कार्यालयमा समेत समस्या**

सामाजिक विकास कार्यालय डडेल्धुरामा प्राविधिक सहायक पदमा कार्यरत कमला भट्ट महिनावारी हुने दिन नजिकिएपछि झोलामा महिनावारी प्याड राख्ने गर्नुहुन्छ । आफू महिनावारी हुने एक हप्ताअघिदेखि लक्षण थाहा हुने हुँदा बोकेरै जाने गरेको उहाँ बताउनुहुन्छ। कहिलेकाहीँ महिनावारी अनियमित भएपछि आफूलाई धेरै गाह्रो हुने र कोठामा गएर लुगा र महिनावारी प्याड फेरेर आउने गरेको उहाँ बताउनुहुन्छ।

जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालयलगायत जुनसुकै सरकारी कार्यालयका महिला कर्मचारी र सेवाग्राहीलाई लक्षित गरेर महिनावारी प्याड राखिएको छैन । यसले गर्दा सरकारी कार्यालयमा सहजरुपमा सेवा प्राप्तिमा समस्या भइरहेको महिलाहरूको गुनासो छ । सरकारी कार्यालयमा महिनावारी प्याड उपलब्ध नहुँदा उनीहरुले अनेक समस्या भोग्नुपरेको महिला अधिकारकर्मी अन्जु गैरे बताउनुहुन्छ।

**घरघरमा महिनावारी विभेद**

आलिताल गाउँपालिका-८ की तारा मडै अहिले २२ वर्षकी हुनुभयो । उहाँ १४ वर्षको उमेरमा पहिलोपटक महिनावारी हुँदादेखि महिनामा चार दिनसम्म सुक्खा साग र रोटी मात्रै खाने गर्नुहुन्छ। कतिचोटी महिनावारी हुँदा त रक्तचाप कम भएर बेहोस हुनुभएको थियो । उहाँले भन्नुभयो, "बरु दूध दही बजारमा लगेर बेचिन्छ तर गाईभैंसी बिग्रिन्छ भनेर महिनावारी भएको बेला दूध दही खान दिइँदैन।"

अमरगढी नगरपालिकाकी कल्पना पनेरुले नगरक्षेत्रभित्रै महिनावारी भएका बेला आफ्नो छोरीलाई घरको तल्लो तलामा रहेको गोठमा राख्ने गरेको बताउनुभयो । कतिपय ठाउँमा त गाईभैंसीको गोठमा समेत राखिने गरिएको पाइन्छ। माथिल्लो तलामा राखे देउता रिसाउँछन् भन्ने अन्धविश्वास रहेकाले महिनावारी भएमा तल्लो तलामा खाट बिना सुत्ने परम्परा कायम रहेको उहाँको बुझाइ छ।

महिनावारी भएका बेला गाईबस्तु बिरामी हुने र फलफूलका बोटहरू छोएमा सुक्दै जाने हुँदा छुने हिम्मत नगरेको उहाँको भनाइ छ। जिल्लाका केही स्थानीय तहमा फाट्टफुट्ट दूध दही खान दिए पनि अधिकांश स्थानीय तहका ग्रामीण भेगका सुत्केरी र महिनावारी भएका महिलालाई दूध, दही अझै नदिएको पाइन्छ।

महिनावारी विभेद देखावटी रूपमा मात्रै हटेको नागरिक अगुवा सिद्धराज पाठकले बताउनुभयो। महिनावारी भएपछि छाउगोठमा नबसे पनि घरको भूइँ तलामा बस्ने गरेको उहाँको भनाइ छ। "यसलाई परिवर्तन गर्नका लागि आफूबाट सुरुआत गर्नुपर्छ। अरूलाई भन्ने आफू व्यवहारमा नउतार्ने परिपाटी छ", उहाँले भन्नुभयो, "यसको अन्त्य गर्नुपर्छ। महिला स्वयंले पनि यो विषय बुझ्नुपर्छ।"

**के गर्दैछ स्थानीय सरकार ?**

डडेल्धुरामा दुई नगरपालिका र पाँच गाउँपालिका छन्। स्थानीय तहको कार्यक्रम घरघरमा पुग्छ तर महिनावारीको जस्तो महिलामाथिको विभेदकारी अभ्यास भने हटाउन स्थानीय तहले कुनै ठोस पहल गरेको देखिँदैन।

जिल्लाको नवदुर्गा गाउँपालिकाले छाउपडी कुप्रथालाई मध्यनजर गरेर जनचेतनामूलक कार्यक्रमहरू गर्दै आएको गाउँपालिका उपाध्यक्ष निर्मला विष्टले बताउनुभयो । उहाँले आफू स्थानीय तहमा जनप्रतिनिधिको रूपमा आइसकेपछि महिनावारी विभेदविरूद्ध सशक्त रूपमा आवाज उठाउँदै आएको र विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दा पनि हटाउन असफल भएको स्वीकार्नुभयो।

नवदुर्गा गाउँपालिका-४ स्थित गिल्लेश्वरी प्राथमिक विद्यालयमा चार दिनसम्म महिला शिक्षक र विद्यार्थी विद्यालय जाँदैनथे । मन्दिर भएको ठाउँमा विद्यालय हुँदा महिनावारी भएको बेला धेरैको पढाइ बिग्रियो। हाल विद्यालय अर्को ठाउँमा सारिएपछि महिनावारी भएकाले बेला पनि सबै विद्यालय जान्छन्। "मानिसमा चेतनाको विकास भएको छैन। परम्परागत रूपमा यो चल्दै आएको छ। एकातिर देउता रिसाउने डर छ भने अर्कोतिर समाजको डर पनि छ", उपाध्यक्ष विष्टले भन्नुभयो, "यो विस्तारै मानिसमा चेतनाको विकास भएपछि आफैं हट्छ। तत्काल यो हटाउन सक्ने अवस्था छैन।"

स्वास्थ्य स्वयंसेविका, महिला जनप्रतिनिधि, महिला शिक्षक, महिला स्वास्थ्यकर्मी, समाजका अभियन्तालगायतले छाउपडीको बारेमा समाजमा प्रचारप्रसार गरे पनि उनीहरू आफैं महिनावारी बार्ने गरेको आरोप खेप्दै आएका छन् । यसमा स्थानीय तहका नेतृत्वमा रहेका व्यक्तिहरु पनि पर्ने भएकाले स्थानीय तहले महिनावारी विभेद हटाउने प्रयत्न गरेको दाबी गरे पनि अवस्था परिवर्तन हुन नसकेको स्थानीयहरुको भनाइ छ।

> मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले पनि छाउपडी प्रथालाई गैरकानुनी घोषणा गरी आपराधिक कसुर मानेको छ । ऐनको दफा १६८ को उपदफा (३) मा महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा अन्य किसिमका भेदभाव, छुवाछूत वा अमानवीय व्यवहार गर्नु वा गराउनु नहुने उल्लेख छ । यस्तो कसुर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा रु तीन हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । सर्वोच्च अदालतले २०६२ सालमै छाउपडी प्रथालाई कुप्रथा घोषित गर्दै छाउपडी प्रथा उन्मूलनका लागि आवश्यक व्यवस्था गर्न सरकारको नाममा निर्देशनात्मक आदेशसमेत जारी गरेको थियो ।

**महिनावारी विभेदले मृत्युको मुखमा धकेल्दै**

महिनावारी हुँदा छाउगोठमै कतिपय महिलाहरू जबर्जस्ती करणीको सिकार बन्न पुगेका छन् भने भने कतिको सर्पले डसेर ज्यान गएको छ। महिनावारी भएको बेला छाउगोठमा गत वर्ष बैतडीको पञ्चेश्वर गाउँपालिका-४ कि १६ वर्षीया किशोरी अनिता चन्दको सर्पले डसेर मृत्यु भयो । छाउपडीका कारण सबैभन्दा बढी घटना अछाम र बझाङमा हुने गरेको प्रहरीको तथ्याङ्क छ । विसं २०७६ यता अछाममा मात्र महिनावारी भएको बेला छाउगोठबाट निस्सासिएर तीन, सर्पले डसेर एक र जबर्जस्ती करणीका कारण एक महिलाको मृत्यु भएको छ।

त्यस्तै बाजुराको बूढीगङ्गा नगरपालिका-९ अगाउ पानीमा छाउगोठमा आगलागी भएर आमा छोराको ज्यान गएको थियो । देवीदेवता रिसाउने, घरपरिवारमा अनिष्ट हुनेलगायत सोचका कारण महिनावारी भएका बेला खाने कुरा पनि बार्ने गरेको पाइएको छ। गाउँघरमा यस्तै चलनका कारण आफूहरू पनि अलग्गै बस्ने र चार दिनसम्म महिनावारी कडाइका साथ बार्ने गरेको बैतडीको मेलौली नगरपालिका-१ कि सुनिता दयाल बताउनुहुन्छ।

यस्तै अनुभव छ डडेल्धुराकी अभियन्ता सुनिता गैरसँग पनि। उहाँ भन्नुहुन्छ, "केही नराम्रो भइहाले धामीझाँक्रीले छुई बिग्रियो भन्छन्। महिनावारी बार्नु त परम्पराजस्तै भइसक्यो।" पेट दुखेमा, ज्वरो आएमा मात्र नभई पैतालामा सामान्य ठेस लाग्दासमेत स्थानीय झाँक्रीले छुई बिग्रिएको भन्दै राम्ररी बार्न सल्लाह दिन्छन् । महिनावारी विभेद अन्त्य गर्नु फलामको च्यूरा चपाउनुसरह भएको उनीहरूको भोगाइ छ । महिला मुक्ति समाज डडेल्धुराकी अध्यक्ष आरती जोशीले महिनावारी विभेद अन्त्य हुन नसक्नुमा बूढापाका र धामीझाँक्री मुख्य जिम्मेवार रहेको बताउनुहन्छ । धामीझाँक्रीको विश्वास मान्ने चलन जबसम्म रहिरहन्छ, तबसम्म शिक्षक, बुद्धिजीवी, स्वास्थ्यकर्मी, सामाजिक अगुवाले छाउपडीको घेरामा बस्नुपर्ने बाध्यता कायमै रहने उहाँको भनाइ छ। "यसलाई न्यूनीकरण गर्न शिक्षक र धामीझाँक्रीको मनस्थिति बदल्न जरुरी छ", उहाँ भन्नुहुन्छ।

**पहिलोपटक छाउपडी उन्मूलन नीति**

सुदूरपश्चिम प्रदेश सरकारले 'छाउपडी प्रथाजन्य उन्मूलन नीति २०७६' ल्याएको छ । नीतिमा महिलाविरुद्धका सबै प्रकारका विभेद अन्त्य गर्ने प्रतिबद्धता जाहेर गरिएको छ । शिक्षा तथा जनचेतना अभिवृद्धि गरी छाउपडी प्रथाजन्य पुरातन रूढीवादी अन्धविश्वास, मान्यता, प्रचलन सोच र अभ्यासमा परिवर्तन ल्याई महिला अधिकारको संरक्षण र परिपूर्ति पुरा हुने गरी वातावरण तयार गर्ने उद्देश्यले नीति ल्याइएको प्रदेश सरकारले जनाएको छ । तर कतिपयले नीतिमै महिनावारी विभेदलाई मर्यादित बनाउने विषयमा प्रष्ट नभएको टिप्पणी गरेका छन् ।

सो नीति कार्यान्वयन नहुँदा अहिले पनि सुदूरपश्चिममा महिनावारी विभेद कायमै छ। प्रदेशका सामाजिक राज्य मन्त्री सरस्वती खड्काले नीति बनाएर मात्रै नहुने बताउनुहुन्छ। उहाँ नीति कार्यान्वयनमा लगेर महिनावारी विभेद हटाउने खालका कार्यक्रम सञ्चालन गरी ठोस कदम चाल्नुपर्ने आवश्यकता रहेको धारणा राख्नुहुन्छ । यता सुदूरपश्चिम प्रदेशसभाकी उपसभामुख कोइलीदेवी चौधरीले प्रदेश सरकारले कोरोनाका कारण देखाउँदै सञ्चालन नगरिएको छाउपडी कुप्रथा उन्मूलन कार्यक्रम यस वर्ष भने सञ्चालनमा आउने विश्वास व्यक्त गर्नुहुन्छ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले पनि छाउपडी प्रथालाई गैरकानुनी घोषणा गरी आपराधिक कसुर मानेको छ। ऐनको दफा १६८ को उपदफा (३) मा महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा अन्य किसिमका भेदभाव, छुवाछूत वा अमानवीय व्यवहार गर्नु वा गराउनु नहुने उल्लेख छ। यस्तो कसुर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा रु तीन हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । सर्वोच्च अदालतले २०६२ सालमै छाउपडी प्रथालाई कुप्रथा घोषित गर्दै छाउपडी प्रथा उन्मूलनका लागि आवश्यक व्यवस्था गर्न सरकारको नाममा निर्देशनात्मक आदेशसमेत जारी गरेको थियो ।

तत्कालीन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले छाउपडीजस्तो कुरीतिजन्य प्रथा उन्मूलनका लागि 'छाउपडी उन्मूलन निर्देशिका, २०६४' जारी गऱ्यो । यसमा छाउपडी प्रथा उन्मूलनका लागि जनचेतना जगाउने, यसबाट बालिका तथा महिलाको स्वास्थ्यमा पर्ने असरबारे जानकारी गराउने र उक्त प्रथाको अन्त्य गर्ने व्यक्ति, परिवार र समुदायलाई सम्मान गर्ने भनिएको छ।रासस

# कृषि क्षेत्रको विकासमा उपप्रधानमन्त्री सिंहको जोड



डुम्रे । उपप्रधानमन्त्री एवं शहरी विकासमन्त्री प्रकाशमान सिंहले कृषि, पर्यटन, प्रविधिका साथै ऊर्जाको विकासबाट देशलाई समृद्धिको पथमा अग्रसर गराउन सहज हुने बताउनुभएको छ।

'तनहुँ महोत्सव हाम्रो आधार, आर्थिक सामाजिक विकासको पूर्वाधार' नाराका साथ दमौलीमा आयोजित नवौँ तनहुँ कृषि पर्यटन तथा प्रविधि महोत्सवको विहिबार शुभारम्भ गर्दै उपप्रधानमन्त्री सिंहले कृषि, पर्यटन र ऊर्जा क्षेत्रको विकासबाट देशलाई समृद्ध बनाउन सकिने विचार व्यक्त गर्नुभयो।

महोत्सवबाट स्थानीय उत्पादन प्रवर्द्धन गर्न सहयोग पुग्ने बताउँदै उहाँले भन्नुभयो, "देशको अर्थतन्त्र विकासमा तनहुँले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यहाँको सांस्कृतिक पहिचान पनि पर्यटन प्रवर्द्धनमा सहयोगी बनेको छ । यस्ता महोत्सवले मुलुकको बहुभाषिक, बहुसांस्कृतिक परिचयलाई स्थापित गरेको छ।" तनहुँ उद्योग वाणिज्य सङ्घका अध्यक्ष तथा महोत्सव मूल समारोह समितिका संयोजक वैकुण्ठनाथ मिश्रले मेलाका माध्यमबाट किसानका उत्पादन बिक्री गर्न सहज हुने बताउनुभयो । महोत्सवमा कृषि उपजलाई प्राथमिकता दिइएको उहाँको कथन थियो।

महोत्सवमा फलफूल, सागसब्जी, मह, मसला, दाल, चामललगायत कृषि उत्पादनका साथै स्थानीय हस्तकलाका सामग्रीयुक्त दुई सय बिक्रीकक्षमार्फत ती सामानको खरिदबिक्रीको व्यवस्था मिलाइएको छ । मेला आगामी माघ ७ गतेसम्म जारी रहने छ ।रासस

# एकताबद्ध भएर स्ववियु निर्वाचनमा उत्रन प्रधानमन्त्रीको आह्वान

काठमाण्डु । प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आसन्न स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा एकताबद्ध भएर चुनावी मैदानमा उत्रन आग्रह गर्नुभएको छ।

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)ले आसन्न स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनका सन्दर्भमा विहिबार एमाले केन्द्रीय कार्यालयमा आयोजना गरेको राष्ट्रिय कार्यशालामा अध्यक्ष ओलीले स्थापित र सफल खेलाडी अरुको वैसाखी नटेकी आफैँ दौडिएर पदक जितेको उदाहरण प्रस्तुत गर्नुभयो। अध्यक्ष ओलीले ढुक्क भएर आत्मविश्वासका साथ अगाडि बढ्न प्रेरित गर्दै सफलताको कामना गर्नुभयो।

मुलुकको राजनीतिक आन्दोलनसँगै गौरवशाली विद्यार्थी आन्दोलन सुरु भएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले प्रजातन्त्र स्थापना पहिले गङ्गालाल श्रेष्ठले मानवअधिकारसम्बन्धी पहिलो भाषण र सङ्गठन बनाउनुभएको र त्यही समयदेखिको चेतना र विद्रोहका उत्तराधिकारी आफ्नो पार्टी भएको स्पष्ट गर्नुभयो।

अध्यक्ष ओलीले त्यही बिउ छरेर एकतामा सामेल हुन आउने समूहलाई जोड्दै एमालेलाई अहिलेको राष्ट्रिय शक्ति बनाइएको र अब निर्णायक शक्ति निर्माणको दिशामा अग्रसर भएको बताउनुभयो।

अध्यक्ष ओलीले भन्नुभयो, "विश्वविद्यालय क्षेत्र मुड्की र सशस्त्र सङ्घर्षले लोकप्रिय हुने क्षेत्र होइन। यो राम्रो काम गरेर शान्तिपूर्णरुपमा अगाडि बढ्ने क्षेत्र हो तर कसैले मुड्की देखाउँछ भने हामी चुप लागेर बस्दैनौँ । म साथीहरुलाई राम्रो काममा 'एग्रेसिभ्ली' लाग्न आग्रह गर्दछु।"



"विश्वविद्यालय क्षेत्र मुड्की र सशस्त्र संघर्षले लोकप्रिय हुने क्षेत्र होइन । यो राम्रो काम गरेर शान्तिपूर्णरुपमा अगाडि बढ्ने क्षेत्र हो तर कसैले मुड्की देखाउँछ भने हामी चुप लागेर बस्दैनौँ । म साथीहरुलाई राम्रो काममा "एग्रेसिभ्ली" लाग्न आग्रह गर्दछु ।"

कार्यक्रममा प्रधानमन्त्री ओलीले विद्यार्थी महोत्सवसँग सम्बन्धित पुस्तक पनि विमोचन गर्नुभयो ।एमालेका महासचिव शङ्कर पोखरेलले भविष्यका कर्णधार विद्यार्थी वर्गको पहिलो रोजाइ अनेरास्ववियु मात्रै हुनसक्ने बताउनुभयो।

अनेरास्ववियुका पूर्वअध्यक्ष एवं कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, एमालेको जनसङ्गठन संयन्त्रका संयोजक भानुभक्त ढकाल, अनेरास्ववियुका अध्यक्ष समीक बडाललगायत नेताहरुको उपस्थिति थियो । आगामी फागुन १५ गते विश्वविद्यालयहरुमा स्ववियु निर्वाचन हुँदैछ ।रासस

# श्रममन्त्री भण्डारीसँग दक्षिण कोरियाका राजदूत पार्क ताईको शिष्टाचार भेट

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीसँग नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क ताई योङले शिष्टाचार भेट गर्नुभएको छ।

विहिबार मन्त्रालयमा भएको उक्त भेटमा दुईदेशबीच भएको श्रम सम्झौताका विभिन्न पक्षहरूबारे छलफल भएको मन्त्रालयका सहायक प्रवक्ता वसन्तबहादुर बोहराले जानकारी दिनुभयो।

क्षेत्रमा छनोट भएका कामदारका माग सम्बोधन गर्ने, कोरिया जान सबै चरण पूरा गरेका कामदारलाई छिटो, सरल र सहज ढङ्गबाट पठाउन थप सहजीकरण गर्नुपर्ने विषयमा छलफल भएको छ।

मन्त्री भण्डारीले सीप विकासमा कोरिया सरकारले सहयोग गर्न आग्रह गर्नुभएको थियो । राजदूत योङले नेपाली कामदारहरुको उच्च कदर गर्दै नेपालबाट निरन्तर कामदार लैजाने र रोष्टरमा नाम समावेश भएका




उक्त भेटवार्तामा इपिएस प्रणालीअन्तर्गतको सम्झौतालाई पुनरावलोकन गरी नवीकरण गर्ने र सीपयुक्त कामदारलाई दक्षिण कोरिया पठाउनेसम्बन्धी कार्यविधिबारे छलफल भएको थियो।

त्यसैगरी इपिएस उत्तीर्ण भई रोष्टरमा रहेका नेपाली कामदारलाई शीघ्र रोजगारमा पठाउने, शिप बिल्डिङलगायत व्यक्तिलाई उच्च प्राथमिकताका साथ रोजगारमा लैजान पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले थप नेपाली कामदार लैजाने विषयमा आफू सकारात्मक रहेकोसमेत बताउनुभयो ।

आगामी दिनमा सीपयुक्त कामदार पठाउन सकिने सम्भावना भएकाले दुवै पक्षले सीप विकासमा सहकार्यका लागि प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

# शैक्षिक क्षेत्रलाई दलीय प्रभावबाट मुक्त गर्ने प्रयासमा मन्त्री भट्टराई

कीर्तिपुर । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले शिक्षा क्षेत्रलाई राजनीतिक दलको प्रभावबाट मुक्त गर्ने प्रयासमा आफू लागेको बताउनुभएको छ।

शिक्षा पत्रकार सञ्जाल (इजोन) आयोजनामा विहिबार यहाँ आयोजित कार्यक्रममा उहाँले शैक्षिक क्षेत्रलाई राजनीतिबाट मुक्त गर्न आफू क्रियाशील रहेको बताउनुभयो।

"हालै सम्पन्न नेकपा एमालेको केन्द्रीय कमिटी बैठकले शैक्षिक संस्थामा बन्द, हडताल गर्न नपाइने निर्णय गरेको छ । अन्य राजनीतिक दलबाट पनि यस्तै प्रतिबद्धता आएपछि शिक्षा क्षेत्र राजनीतिक प्रभावबाट मुक्त गराउन सकिन्छ।"

शिक्षा क्षेत्रका सबै विषयलाई सम्बोधन गर्ने र संविधानले व्यवस्था गरेअनुरुप आधारभूत तहको शिक्षा अनिवार्य गर्न आफू लागेको बताउँदै उहाँले माध्यमिक शिक्षा परीक्षा (एसइई) सञ्चालन प्रदेशलाई नै हस्तान्तरण गर्ने तयारीमा आफू रहेको जानकारी दिनुभयो।

"अब कक्षा १० र १२ को परीक्षा एउटै निकायले लिने गरी राष्ट्रिय परीक्षा बोर्ड बनाउने र कक्षा १० को परीक्षा सञ्चालनको जिम्मेवारी सम्बन्धित प्रदेशलाई नै हस्तान्तरण गर्ने तयारीमा छौँ', उहाँले थप्नुभयो।

यसैगरी विद्यालयको दिवा खाजामा स्थानीय उत्पादन र गुणस्तरीयता कायम गर्न पनि सरकारले काम गरिरहेको बताउनुभयो। यसका लागि २०८३ सालसम्मको कार्य योजना बनाइएको जानकारी पनि मन्त्री भट्टराईले दिनुभयो । निःशुल्क शिक्षाको कार्यान्वयनको सुरुवात आगामी बजेटदेखि राजिष्ट्रेसन, बिलम्ब शुल्क र प्रमाणपत्रमा




लिइने शुल्कको खारेजीबाट गर्न लागिएको पनि उहाँले बताउनुभयो।

विदेशी विश्वविद्यालयको सम्बन्धनमा शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका ५९ क्याम्पस र नौ सय वटा शैक्षिक परामर्शदातृ संस्थालाई नियमन गरिने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो । चिकित्सा शिक्षातर्फ एमबिबिएसमा राप्ती, पोखरा र मधेश प्रदेशमा एक सय ५० जनाको कोटा थपिएको, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को सम्बन्धनमा सञ्चालन हुने चिकित्सा शिक्षासम्बन्धी कार्यक्रमलाई व्यविस्थित गर्न सरकार लागेको तथा निजामती कर्मचारी सरह शिक्षकलाई पनि औषधि उपचारमा छुट दिने तयारी गरिएको मन्त्री भट्टराईले बताउनुभयो।

मन्त्री भट्टराईका अनुसार शिक्षा र स्वास्थ्य मन्त्रालयको समन्वयमा विद्यालयमा सङ्क्रामक रोग र प्रजनन स्वास्थ्यसम्बन्धी पाठ्यसामग्री अनिवार्य गरिएको छ। विद्यार्थी घरमा अभिभावकको निर्देशमा गरेका कामको पनि सिकाइको उपलब्धीकै रुपमा मुल्याङ्कन गरिने छ । नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान, विधिविज्ञान प्रयोगशाला र बिपी कोइराला मेमोरियल प्लानेटेरिम, अब्जर्भेटरी तथा विज्ञान सङ्ग्रहालय विकास समितिको क्षमता वृद्धि गर्दै उच्च प्रतिफल हासिल गर्नसक्ने बनाउने गृहकार्य भइरहेको छ ।रासस

# मुस्लिम समुदायको सशक्तीकरण प्रदेश सरकारको प्राथमिकतामा




लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मुस्लिम समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक सशक्तीकरण प्रदेश सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ।

मुस्लिम आयोगले विहिबार लमहीमा आयोजना गरेको 'मुस्लिम समुदायको आर्थिक, सामाजिक, सांस्कृतिकलगायत सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम' उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले समुदायको सशक्तीकरण र जागरणका लागि समुदायले चलाउने अभियानलाई प्रदेश सरकारले साथ दिने बताउनुभएको हो।

"मुस्लिम समुदायका केही बालबालिका अझै शिक्षाबाट वञ्चित छन् । प्रदेश सरकारले उच्च शिक्षामा किशोरीहरुलाई पूर्ण छात्रवृत्ति दिएको छ। तर, यो छात्रवृत्ति लिने किशोरीको सङ्ख्या थोरै छ", मुख्यमन्त्री आचार्यले भन्नुभयो, "समुदायका अगुवाहरु नै समाज परिवर्तन र जागरणमा अघि सर्न जरुरी छ।"

प्रदेश सरकारले निजामती क्षेत्रमा मुस्लिम समुदायको सात प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिएको उहाँले बताउनुभयो। उहाँले मदरसा शिक्षा समयानुकूल बनाउँदै लैजानुपर्नेमा जोड दिनुभयो।

मुस्लिम समुदायमा उमेर नपुग्दै छोरीहरुको विवाह गर्ने संस्कार अन्त्य जरुरी रहेको बताउँदै बालविवाहकै कारण मातृ मृत्युदर, बाल मृत्युदर, कुपोषण बढेको बताउनुभयो।

मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले समुदायको सशक्तीकरणका लागि तीन तहकै सरकारले विशेष प्याकेज निर्माण गरेर लागू गर्न आवश्यक रहेको धारणा राख्नुभयो । उहाँले शिक्षा, स्वास्थ्य, तथा रोजगारीमा राज्यले प्रदान गर्ने सबै अवसर सुनिश्चित गर्न आग्रह गर्नुभएको थियो ।रासस

# परराष्ट्रमन्त्रीद्वारा काभ्रेका बाढीपीडित गर्भवती र सुत्केरीलाई ब्लाङ्केट वितरण

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले काभ्रेपलाञ्चोकका बाढीपीडित गर्भवती तथा सुत्केरीलाई राहातस्वरुप कम्बल (ब्लाङ्केट) वितरण गर्नुभएको छ।

सुरक्षित मातृत्व सञ्जाल महासङ्घ, नेपालले बुधबार धुलिखेलमा आयोजना गरेको कार्यक्रममा मन्त्री डा राणाले महासङ्घका तर्फबाट उपलब्ध गराइएका एक हजार ९० कम्बल जिल्लाका ६ ओटा पालिकाका गर्भवती तथा सुत्केरीलाई हस्तान्तरण गर्नुभएको हो।



यसै वर्षको भारी वर्षाका कारण काभ्रेपलाञ्चोकका रोशी खोला, बेथानचोकलगायतका कैयौँ क्षेत्रमा व्यापक मात्रामा क्षति पुगेको थियो। बाढीले घर बस्ती बगाउँदा अप्ठ्यारोमा परेका गर्भवती र तीन महिनासम्मका सुत्केरीका लागि स्थानीय जनप्रतिनिधिमार्फत उक्त राहत उपलब्ध गराइएको हो।

सो अवसरमा मन्त्री डा राणाले गत वर्षात मौसमको भारी वर्षा र त्यसपछि आएको बाढीपहिरोले देशैभरि अकल्पनीय रुपमा मानवीय तथा भौतिक सम्पत्तिमा क्षति पुगेको उल्लेख गर्र्दै मन्त्री डा राणाले अप्ठ्यारोमा परेका नागरिकलाई सहयोग र राहत उपलब्ध गराउने विषयमा सरकारले काम गरिरहेको जानकारी दिनुभयो।

मन्त्री डा राणाले नेपाल जलवायु परिवर्तनको चपेटामा परिरहेको र यस वर्षको अकल्पनीय वर्षा र बाढी पनि त्यसैको प्रतिफल भएको बताउनुभयो। उहाँले आगामी दिनमा यस्ता सम्भावित जोखिमको सामना गर्नुपर्ने अवस्थामा नेपाल रहेको विषयमा आफूले विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरुमार्फत विश्वको ध्यानाकर्षण गराइरहेको उल्लेख गर्नुभयो।

उहाँले जलवायु परिवर्तनका कारण सिङ्गो नेपालका अतिरिक्त महिला तथा बालबालिका बढी जोखिममा रहेको तथ्यलाई नेपाली समाज, परिवार र राष्ट्रले नै बुझ्नुपर्ने धारणा राख्दै आफू नेपाललाई जलवायु न्याय दिलाउन लागिपरेको पनि बताउनुभयो।

मुलुकको जनसंख्यामा आधाभन्दा बढी महिला रहेका तर उनीहरूका लागि अवसर भने निकै कम रहेको उल्लेख गर्दै मन्त्री डा राणाले सुरक्षित मातृत्वको पहिलो दायित्व घर र समाजको भएको बताउनुभयो । उहाँले भन्नुभयो, "सुरक्षित मातृत्वका लागि पहिलो जिम्मवारी घर र समाज हो, त्यसपछि नीतिगत व्यवस्था गर्ने दायित्व सरकारको हुन्छ, त्यसैले सबैले दायित्वबोधका साथ महिलाका लागि सोच्नुपर्छ।"

आफू पनि प्रसव पीडा भागेको अनुभवकै कारण सुरक्षित मातृत्व सम्बन्धी संस्था स्थापना गरी अभियानमा लागेको उहाँले स्मरण गर्नुभयो । सोही अभियानकै कारण नेपालका महिलाहरू सुरक्षित मातृत्वसम्बन्धी विषय संविधानमा राख्न सफल भएको पनि बताउनुभयो।

प्रजनन स्वास्थ्य र सुरक्षित मातृत्वको विषयलाई राज्यले प्राथमिकतामा राख्नुपर्छ भन्दै उहाँले यसका लागि घर तथा छरछिमेकले पनि साथ दिनुपर्नेमा जोड दिनुभयो ।रासस

# आर्थिक कूटनीतिलाई प्राथमिकतामा राखेर काम गर्ने परराष्ट्र सचिवको प्रतिबद्धता

काठमाण्डु । कायममुकायम परराष्ट्र सचिव अमृतबहादुर राईले २६ औँ परराष्ट्र सचिवका रूपमा बुधबार अपराह्नदेखि परराष्ट्र मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएको छ।

"हाम्रो देश चुनौती र अवरको दोसाँधमा छ। ती चुनौतीको सामना गर्दै अवसरलाई राष्ट्रको हितमा उपयोग गर्न निष्ठापूर्वक लाग्नेछु", परराष्ट्र सचिवको कार्यभार सम्हालेपछि उहाँले बिहीबार बिहान रासससँग भन्नुभयो। देशलाई समृद्धिको दिशामा अग्रसर गराउन आर्थिक कूटनीतिलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता पनि सचिव राईले व्यक्त गर्नुभयो।

सन् १९९६ मा निजामती सेवामा प्रवेश गर्नुभएका परराष्ट्र सचिव राई सन् २००५ मा उपसचिवका रूपमा परराष्ट्र सेवामा प्रवेश गर्नुभएको थियो। उहाँले परराष्ट्र मन्त्रालयमा संयुक्त राष्ट्रसङ्घ, अन्तर्राष्ट्रिय सङ्गठनहरू र अन्तर्राष्ट्रिय कानुन महाशाखाको सहसचिवका रूपमा सेवा गर्नुभएको थियो।

मार्च २०१९ देखि जुन २०२३ सम्म उहाँ संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी प्रतिनिधि तथा डिसेम्बर २०१४ देखि डिसेम्बर २०१८ सम्म दक्षिण अफ्रिकाका लागि नेपालको राजदूत हुनुहुन्थ्यो। कायममुकायम सचिव हुनुअघि उहाँले परराष्ट्र मन्त्रालयमा प्रवक्ताको जिम्मेवारी पनि सम्हाल्नुभएको थियो।

सार्वजनिक सेवाको प्रारम्भिक वर्षमा सचिव राईले सन् २००३ देखि २००५ सम्म संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सन् २००२ देखि २००३ सम्म सामान्य प्रशासन मन्त्रालयमा सेवा गर्नुभएको थियो।

सन् १९९६ मा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयमा शाखा अधिकृतको रुपमा उहाँले निजामती सेवा प्रारम्भ गर्नुभएको हो।

सन् १९७० मा सङ्खुवासभाको चिचिला गाउँपालिकामा जन्मनुभएका परराष्ट्र सचिव राईले जर्मनीको पोट्सडाम विश्वविद्यालयबाट सार्वजनिक व्यवस्थापन र त्रिभुवन विश्वविद्यालयबाट सार्वजनिक प्रशासनमा स्नातकोत्तर उपाधि हासिल गर्नुभएको छ।गत मङ्गलबारको मन्त्रिपरिषद् बैठकले उहाँलाई परराष्ट्र सचिवमा पदोन्नति गरेको हो।रासस


## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान

जनकपुरधाम, धनुषा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति: २०८१।०९।२६

यस प्रतिष्ठानको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार यस प्रतिष्ठानको तपसिलका ठेक्काको लागि पेश भएका बोलपत्रमध्ये तपसिल बमोजिमका बोलपत्र न्युनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही ठहरिई उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रको कार्यमा सहभागी सबै बोलपत्रदाता निर्माण कम्पनीहरुका लागि ७ सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | प्रकाशन मिति | ठेक्का नं. | छनोट भएको दरभाउपत्रदाताको नाम | सबैभन्दा कम कबोल अंक (VAT सहित) | कार्यसम्पादन जमानत (Performance Guarantee) |
|---|---|---|---|---|---|
| १. | २५/११/२०२४ | MIHS/NCB/Works/2081-82/03, Manimandapko Jaggako Charrai Tira Parkhaal Nirmanko Karya, Madhesh Institue Of Health Science, Janakpurdham | CA Construction Consultancy P.Ltd, Mahalakshmi–11, Lalitpur | ४२,२७,९३०.५७ | १५,२१,००० |

(मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान)

# चीन र भारतमा देखिएको एचएमपीभी सङ्क्रमण के हो

**बीबीसी**

काठमाण्डु । उत्तरी चीनमा हालैका दिनमा ह्युमन मेटान्यूमोभाइरस (एचएमपीभी) सङ्क्रमण भएका बिरामी बढ्न थालेपछि त्यसले चिन्ता निम्त्याएको छ।

विश्वभरि ७० लाख मानिसको ज्यान लिने गरी चीनमै देखिएको कोभिड सङ्क्रमणले निम्त्याएको सङ्कटबारे प्रारम्भिक रूपमा सचेत गराइएको पाँच वर्षपछि यो भाइरस देखिएको हो।



चीनका वरिष्ठ स्वास्थ्य अधिकारीहरूलाई उद्धृत गर्दै विवरणहरूमा जनाइएअनुसार खास गरी १४ वर्ष र सोभन्दा कम उमेरका बालबालिकामा उक्त भाइरसको सङ्क्रमण बढिरहेको पाइएको छ। तर अस्पतालहरूमा बिरामी चाप बढेको भन्ने दाबीलाई उनीहरूले अस्वीकार गरेका छन्। एचएमपीभीको सङ्क्रमण भारतमा पनि पुष्टि गरिएको छ। यो भाइरस के हो र यसको सङ्क्रमण कति गम्भीर हुन सक्छ भनेर बीबीसीले चर्चा गरेको छ। संयुक्त राज्य अमेरिकाको 'सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्शन' (सीडीसी) का अनुसार सबैभन्दा पहिला सन् २००१ मा उक्त भाइरसको पहिचान गरिएको थियो। तर उक्त भाइरस त्यसभन्दा दशकौँपहिलेदेखि अस्तित्वमा थियो।

एचएमपीभीका सामान्य लक्षणहरू रुघाखोकी वा फ्लूका लक्षणजस्तै हुन्छन्। त्यसमा खोकी लाग्ने, ज्वरो आउने, नाक जाम हुने र छिटोछिटो सास फुल्ने हुन्छ। कतिपयको हकमा लक्षणहरू गम्भीर पनि हुन सक्छन्।

सबै उमेर समूहका मानिसमा त्यसले ब्रोङ्काइटिस अथवा निमोनिआसहित श्वासनलीको माथिल्लो र तल्लो भागमा समस्या निम्त्याउन सक्छ। तर त्यो मूलतः बालबालिका, पाका वयस्क र कमजोर रोगप्रतिरोधी समस्या भएका मानिसमा देखिएको छ।

भाइरस शरीरमा प्रवेश गरेपछि सङ्क्रमण हुन तीनदेखि छ दिनसम्म लाग्छ र बिरामी पर्ने औसत समयावधि रोगको गम्भीरतामा निर्भर गर्छ। तर यस्तो अवधि भाइरसहरूले निम्त्याउने श्वासप्रश्वाससम्बन्धी अरू सङ्क्रमण सरह नै हुन्छ।सीडीसीका अनुसार हिउँदको अन्त्यतिर तथा वसन्त ऋतुमा जाडो तथा गर्मी खासै नहुने ठाउँमा यो सङ्क्रमण बढी देखिने गरेको छ। एचएमपीभी विशेषतः सङ्क्रमित व्यक्तिले खोक्दा र हाच्छिउँ गर्दा त्यसको माध्यमबाट अर्को व्यक्तिमा सर्छ।

सङ्क्रमित व्यक्तिलाई छुँदा अथवा हात मिलाउँदा वा सङ्क्रमित व्यक्तिले छोएका सामान वा सतह छोएर त्यही हात मुख, नाक वा आँखामा लग्दा पनि सङ्क्रमण हुन सक्छ।एचएमपीभी सामान्यतया चिसो मौसममा फैलिन्छ, जुन समयमा मानिसहरू घरभित्र बढी बिताउँछन्। एउटा व्यक्तिलाई धेरै पटक एचएमपीभी सङ्क्रमण हुन सक्छ। विज्ञहरूका अनुसार पहिलो पटक हुने सङ्क्रमण कडा हुने गर्छ।

त्यसपछि रोगप्रतिरोधी क्षमताको विकास भएर उक्त क्षमता बलियो रहुन्जेल पहिलो पटकको भन्दा सङ्क्रमण कमजोर हुन्छ।कमजोर रोगप्रतिरोधी क्षमता भएका पाँच वर्षमुनिका बालबालिकाका साथै ६५ वर्षमाथिका वृद्धवृद्धा अथवा श्वासप्रश्वाससम्बन्धी समस्या भएका मानिसहरू किन यो भाइरसको बढी जोखिममा हुन्छन् भन्ने कुरा यसैबाट स्पष्ट हुन्छ।

यद्यपि दशकौँदेखि यो भाइरस अस्तित्वमा रहेको पृष्ठभूमिमा विज्ञहरूका अनुसार त्यसविरुद्ध विश्वमा ठोस रूपमा प्रतिरोधी क्षमता विकास भइसकेको हुनुपर्छ। चीनका अस्पतालहरूमा मानिसहरूले मास्क लगाइरहेका तस्बिर र भिडिओहरू सामाजिक सञ्जालहरूमा देखिएका छन्। त्यसबाट के लख काटिँदै छ भने चिनियाँ अस्पतालहरूमा एचएमपीभीका बिरामीहरूको चाप रहेको छ।

केही स्थानीय समाचारहरूमा कोभिड महामारीको सुरुवाती दिनको अवस्थासँग तुलना गरिएको छ।

सङ्क्रामक रोगसम्बन्धी चीनको सीडीसीका प्रमुख कान बिआओले यो हिउँद र वसन्तमा देशमा श्वासप्रश्वासका विभिन्न सङ्क्रमण फैलिन सक्ने बताएका छन्।एउटा पत्रकार सम्मेलनका क्रममा उनले एचएमपीभी सङ्क्रमण १४ वर्षमुनिका व्यक्तिमा "बढ्दो क्रममा देखिएको" बताए। तर उनले यो वर्ष श्वासप्रश्वासका समग्र बिरामीको सङ्ख्या सन् २०२४ को तुलनामा कम नै रहने उल्लेख गरे।

सेन्टर फर इपिडेमिक रेस्पोन्स एन्ड इनोभेशनका संस्थापक निर्देशक टुलिओ डे ओलिभिएराका अनुसार एचएमपीभी यो हिउँदमा चीनमा देखिएका चारवटा भाइरसमध्ये एउटा हो। बाँकी रेस्पिरेटरी सिन्सिशल भाइरस, कोभिड र इन्फ्लुएन्जा हुन्।त्यसैले हिउँदमा अस्पतालहरूमा कही चाप पर्न सक्ने उनले बताए।पाँच वर्षअघि पहिलो पटक कोभिड देखिँदा गरिएको पूर्वतयारीको तुलनामा यो एकदम उच्च स्तरको तयारी हो।

# जय ट्रफीमा आर्मी र बागमतीको खेल 'ड्र'



Photo: CAN

काठमाण्डु । जय ट्रफी एलिट कप २०८१ अन्तर्गत चौथो खेलमा त्रिभुवन आर्मी क्लब र बागमती प्रदेशले ड्र खेलेका छन् । आर्मीले दिएको लक्ष्य बागमतीले पूरा गर्न सकेन भने आर्मीले बागमतीलाई पनि अलआउट गर्न सकेन ।

आर्मीले दिएको २०४ रनको लक्ष्य पछ्याएको बागमतीले अन्तिम सेसनमा ५ विकेट गुमाएर ८० रन मात्र बनाउन सक्यो । बागमतीका शुभ कंसाकारले सर्वाधिक ३३ रन बनाए । आर्मीका आकाश चन्द र पवन कार्कीले २-२ विकेट लिए भने कुशल मल्लले १ विकेट लिए ।

खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको आर्मीले आफ्नो पहिलो इनिङ्मा पनि बलियो योगफल खडा गरेको थियो । आर्मीले ६० ओभरमा ५ विकेट गुमाएर २७६ रन बनाएको थियो ।

आर्मीका ओपनर इमरान शेखले सर्वाधिक ७२ रन बनाएका थिए भने बसिर अहमद ५३ रनमा अविजित रहे । कुशल मल्ल पनि ३५ रनमा अविजित रहे भने तृतराज दास ४४ र भीम सार्की ३२ रनमा आउट भए ।

बागमतीका विपिन आचार्यले १३ ओभरमा ४५ रन खर्चेर ३ विकेट लिए भने कप्तान सन्दीप लामिछानेले २२ ओभरमा १०३ रन खर्चेर २ विकेट हात पारेका थिए ।

पहिलो इनिङ्मा आर्मीको बलियो योगफल पछ्याउने क्रममा बागमतीले ५० ओभरमा ९ विकेट गुमाएर २०० रन बनाउँदै इनिङ्को घोषणा गरेको थियो । बागमती अझै ७६ रनले पछाडि नै थियो । नन्दन यादवले सर्वाधिक ५१ रन बनाएका थिए । शुभ कंसाकारले ३४ र उत्तम थापामगरले २८ रन बनाएर आउट भए ।

आर्मीले दोस्रो इनिङ्मा ८ विकेट गुमाएर १२७ रन बनाउँदै इनिङ घोषणा गरेको थियो । आर्मीका लागि दोस्रो इनिङ्मा तृत राज दासले सर्वाधिक २८ रन बनाउँदा कप्तान विनोद भण्डारीले २७ रन बनाए । बागमतीका नन्दन यादवले ४, प्रतिश जीसीले ३ तथा रिजन ढकालले १ विकेट लिए ।

दुवै टोलीले आफ्ना पहिलो खेलमा पनि ड्र खेलेका थिए । पहिलो खेलमा आर्मीले पुलिससँग ड्र खेलेको थियो भने बागमतीले मधेशसँग ड्र खेलेको थियो ।

# हलिवुड हिल्समा नयाँ डढेलो



**बीबीसी**

काठमाण्डु । संयुक्त राज्य अमेरिकाको क्यालिफोर्निया राज्यमा शक्तिशाली डढेलोका कारणएकलाखभन्दाधेरैमानिसहरू घर छाडेर भाग्न बाध्य भएका छन् भने लस एन्जलस सहरको नयाँ स्थानमा आगो फैलिरहेको छ।

नयाँ डढेलो अमेरिकी चलचित्र उद्योगलाई सङ्केत गर्ने चर्चित चिन्ह रहेको स्थान नजिकैको हलिवुड हिल्समा फैलिरहेको छ।

धनाढ्यहरूको बसोबास रहेका कैयौँ क्षेत्रहरू खाली गराइएकाले अधिकारीहरूले त्यहाँ लुटपाट हुनसक्ने चेतावनी जारी गरेका छन्।एक हजार वर्ग किलोमिटर भन्दा बढी क्षेत्रफलमा फैलिएको आगो तीव्र वेगको हावाका कारण फैलिएको थियो। सबैभन्दा खराब आगलागी पसिफिक प्यालिसेड्स क्षेत्रमा भएको छ जसलाई उक्त सहरको इतिहासकै विध्वंसकारी भनिएको छ।

अधिकांश स्थानमा आगो नियन्त्रणमा लिन सकिएको छैन र अग्नि नियन्त्रकहरूले पानीको चाप कम हुँदा आफूहरूलाई अप्ठेरो परिरहेको बताएका छन्।

राष्ट्रपति जो बाइडनले थप सहयोग उपलब्ध गराउन सेनालाई आदेश दिएका छन्। प्यालीसेड्स, इटन, हर्स्ट र वुड्लीको आगो नियन्त्रणमा आएको छैन। पाँच जनाको ज्यान गएको र १ हजार भन्दा बढी संरचनामा जलेर नष्ट भएको अधिकारीहरूले बताएका छन्।

भेन्टुरा काउन्टीमा डढेलो ११ एकर क्षेत्रफलमा फैलिएको जनाइएको छ। त्यसबाहेक बुधवार साँझबाट हलिवुड हिल्समा फैलिएको आगो एक घण्टा भन्दा कम समयमा २० एकरमा फैलिएको थियो। इटन क्षेत्रको आगलागीका कारण १ लाख मानिसहरू सुरक्षित स्थानमा जान बाध्य भएका थिए। प्यालीसेड्स क्षेत्रबाट ३७ हजार मानिसलाई सुरक्षित स्थानमा पठाइएको थियो।

इटन क्षेत्रमा रहेको पासडिनाका मेयर भिक्टर गोर्डोले त्यहाँ १ लाख मानिसहरूलाई बाध्यकारी रूपमा सो स्थान खाली गर्न भनिएको र थप एक लाखलाई उनीहरू चाँडै उक्त स्थानबाट भाग्नुपर्ने चेतावनी दिइएको बताएका छन्। सीटी म्यानेजर मिगल मार्केजले त्यहाँको पछिल्लो २२ घण्टा 'निर्मम' रहेको बताए।

घर घरमा पुगेर अग्निनियन्त्रकहरूले धेरै जनाको ज्यान जोगाएको भन्दै उनले उद्धारकर्ताहरूको प्रशंसा गरेका थिए।पसिफिक प्यालीसेड्सको आगोलाई लस एन्जलस क्षेत्रकै सबैभन्दा खराब भनिएको छ। त्यो क्यालिफोर्निया राज्यकै सबैभन्दा खराब डढेलो बन्नसक्ने विवरण आएका छन्।

अधिकारीहरूले त्यहाँ कम्तीमा १ हजार भवनहरू नष्ट भइसकेको जनाएका छन्। लस एन्जलस रिजनल फायर सेफ काउन्सीलका अनुसार क्यालिफोर्नियाको इतिहासमा सबैभन्दा ठूलो आगलागी सन् २०१८ मा वुलजी क्षेत्रमा भएको थियो र त्यसले १,१२१ संरचना जलाएको थियो। प्यारिस हिल्टन, बिली क्रिस्टल जस्ता कैयौँ चर्चित कलाकारहरूका निवास नष्ट भएको जनाइएको छ। ज्यानुअरी १७ का लागि तय अस्करको मनोनयन कार्यक्रम दुई दिनपछि धकेलिएको छ।

क्यालिफोर्नियामा अन्य डढेलोका घटनामा धेरै जनाको ज्यान गएको छ र बढी क्षेत्रफलमा आगलागी गराएको छ। तर अहिले भवनहरूमा भइरहेको ध्वंसको स्तर निक्कै ठूलो छ। लस एन्जलस सहरका पानी तथा ऊर्जा सम्बन्धी अधिकारीहरूले त्यहाँको पानी ठूला अग्नि नियन्त्रणको काममा भन्दा पनि सहरी प्रयोगका लागि भएको भन्दै ठूलो स्तरको डढेलोसँग जुध्नु परेकाले पानीको अभाव भएको बताएका छन्।

पसिफिक प्यालिसेड्स क्षेत्रमा सामान्य समयको माग भन्दा चार गुणा बढी निरन्तर १५ घण्टा पानीको आपूर्ति गरिएको र त्यसले पानीको चाप र धाराहरूलाई समेत प्रभावित पारेको भनिएको छ।

अधिकारीहरूले उक्त क्षेत्रमा पानी नै नभएको भन्दा पनि आगो नियन्त्रणका लागि ठूलो स्तरमा पानीको प्रयोग गरिदाँ ट्याङ्कीहरू फेरी भर्न कठिन भएको बताएका छन्। उक्त क्षेत्रमा पानीको आपूर्ति बढाइएको सहरकी पानी हेर्ने निकायकी प्रमुखले बताएकी छन्।

लस एन्जलसस्थित बीबीसीका उत्तर अमेरिकी संवाददाता डेविड विलिस भन्छन् यो उक्त सहरको इतिहासकै सबैभन्दा विध्वंसकारी रात रहेको थियो।स्थानीय बासिन्दालाई शक्तिशाली हावाहुरीको आवाजले ब्युँझाएको थियो भने आकाश कालो धुँवाले ढाकिएको थियो। आगलागी नियन्त्रणबाहिर रहेकाले सर्वत्र असहज वातावरण रहेको उनले उल्लेख गरेका छन्।


"मौसमी डढेलो नौलो कुरा होइन। तर म यहाँ बसेको २५ वर्षमा मैले यतिको नराम्रो केही पनि महसुस गरिन्," उनी भन्छन्।भवनहरू भत्किएका छन्, मानिसहरूले ज्यान गुमाएका छन् तर यो भन्दा खराब परिस्थिति आउनै बाँकी रहेको चेतावनी दिइएको छ।एकजना अग्नि नियन्त्रण प्रमुखले यसलाई 'व्यापक रूपमा फैलिएको विपद्' भनेका छन्।

# उत्तरी सिरियामा टर्कीए र कुर्दिश सेनाबीच झडप, ३७ जनाको मृत्यु

**एएफपी**

दमास्कस । सिरियाको उत्तरी मानबिज क्षेत्रमा बिहीबार टर्कीए समर्थित समूह र कुर्द नेतृत्वको सेनाबीच भएको भिडन्तमा ३७ जनाको मृत्यु भएको छ ।

संयुक्त राज्य अमेरिकाले बुधबार सिरियामा कुर्दिश लडाकुहरू विरुद्ध आक्रमण बढाउनबाट रोक्न नेटो सहयोगी राष्ट्र टर्कीएको चिन्तालाई सम्बोधन गर्न काम गरिरहेको बताएको छ ।




सिरियाली युद्ध अनुगमन संस्था (सिरियन अब्जरभेटरी फर ह्युमन राइट्स वार मोनिटर) ले कुर्दिश नेतृत्वको सिरियन डेमोक्र्याटिक फोर्सेज र टर्कीए समर्थित नेसनल आमीबीच पछिल्लो केही घण्टायता मनबिजको ग्रामीण इलाकामा भीषण लडाई भएको जनाएको छ । उक्त क्षेत्रमा टर्कीएएले हवाई आक्रमणसमेत सिरियाली युद्ध अनुगमनकारी संस्थाले जनाएको छ।

"दोहोरो झडपमा परी ३७ जनाको मृत्यु भएको छ," बेलायतस्थित अब्जरभेटरीले जनाएको छ । टर्कीएए समर्थित लडाकुमध्ये छ जना एसडीएफ लडाकु र पाँच जना सर्वसाधारणको पनि मृत्यु भएको छ ।

मनबिजको ग्रामीण इलाकामा गत महिनादेखि जारी झडपमा परी कम्तीमा ३२२ जनाको मृत्यु भएको उक्त संस्थाले जनाएको छ ।

बुधबार अमेरिका समर्थित एसडीएफका प्रमुख मजलुम अब्दीले आफ्नो समूहले 'सिरियाली भूमिको एकता र अखण्डता'लाई समर्थन गरेको बताउनुभएको थियो । एएफपीलाई दिएको लिखित रिपोर्टमा उहाँले सिरियाका नयाँ अधिकारीहरूलाई 'सिरियामा युद्धविरामका लागि हस्तक्षेप गर्न' आग्रह गर्नु भएको छ ।

# महिला क्रिकेट खेलाडी उत्पादन गर्न स्कुले बालिकालाई प्रशिक्षण

त्रिवेणी । जिल्ला क्रिकेट सङ्घ रुकुम पश्चिमले महिला क्रिकेट खेलाडी उत्पादनमा जोड दिएको छ । यसका लागि खेलाडी उत्पादन गर्न सङ्घले विद्यालयलाई लक्षित गरी प्रशिक्षणसमेत दिइसकेको छ ।




विद्यालय उमेर समूहका बालिका तथा किशोरीहरूलाई लक्षित गरेर प्रशिक्षण कार्यक्रम चलाएको सङघका अध्यक्ष दीपक बाँठाले जानकारी दिनुभयो । उहाँका अनुसार अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल आइसिसीको कार्यक्रमअनुसार नेपाल क्रिकेट सङ्घ क्यानको समन्वयमा जिल्ला क्रिकेट सङ्घले महिला क्रियो फेस्टिभल सञ्चालन गरेको हो ।

क्रिकेट प्रशिक्षण कार्यक्रममा महिला खेलाडी उत्पादन गर्न जिल्लाका एक सय बढी स्कुले बालिका तथा किशोरीलाई प्रशिक्षण दिइएको अध्यक्ष बाँठाले जानकारी दिनुभयो । जिल्ला सदरमुकाम खलङ्गामा दुई दिनसम्म सञ्चालन भएको प्रशिक्षण कार्यक्रममा विभिन्न विद्यालयमा अध्ययनरत बालिका तथा क्रिकेट खेलमा चासो राख्नेहरूको सहभागिता रहेको थियो ।

सङ्घका कोषाध्यक्ष तथा प्रशिक्षक नरबहादुर ओलीले क्रिकेटबारे कुनै पनि जानकारी नभएका तर क्रिकेट सिक्न इच्छुक बालिका तथा किशोरीहरूलाई विद्यालयहरूसँगको समन्वयमा कार्यक्रममा सहभागी गराई प्रशिक्षण दिइएको बताउनुभयो । कर्णाली प्रादेशिक क्रिकेट सङ्घका सदस्य तथा प्रशिक्षक कुलप्रसाद ओलीले महिला खेलाडी उत्पादन गर्न क्रिकेट प्रशिक्षण कार्यक्रमले ठूलो सन्देश प्रवाह गरेको बताउनुभयो । प्रशिक्षणमा सहभागीलाई क्रिकेटबारे धेरै प्रयोगात्मक तथा सैद्धान्तिक ज्ञान सिकेको उहाँले बताउनुभयो ।

प्रशिक्षणमा सहभागी बालिकाहरुलाई क्रिकेटमा नियमित जोड्ने र जिल्लाको महिला टोली निर्माणमा ध्यान केन्द्रित गर्ने योजना रहेको सङ्घका सचिव मनिष खड्काले बताउनुभयो । "हाम्रो जिल्लामा हालसम्म महिलाको टिम बन्न सकेको छैन, महिला खेलाडी उत्पादनका लागि हाम्रो चासो रहे पनि हालसम्म कुनै कार्यक्रम सञ्चालन गर्न सकिएको थिएन । अब जिल्लामा महिला क्रिकेटको विकास सुरु भएको छ, छिट्टै जिल्लाको महिला क्रिकेट टिम बन्नेछ", उहाँले भन्नुभयो ।रासस

# ट्रम्पले कार्यभार सम्हाल्नुअघि युक्रेनका सहयोगी राष्ट्रहरूले रक्षा बैठक

**एएफपी**

रम्स्टीन एयर बेस । पश्चिमी सहयोगीहरू र युक्रेनी अधिकारीहरू राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसहित बिहीबार जर्मनीको एक अमेरिकी आधार शिविरमा भेला भएका छन् ।

यसलाई अमेरिकामा रिपब्लिकन नेता डोनाल्ड ट्रम्पले राष्ट्रपतिको सपथ लिनुभन्दा पहिले हुने उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) गठबन्धन सदस्यहरूको अन्तिम बैठकका रूपमा हेरिएको छ ।

अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले रामस्टीन एयर बेसमा हुने २५ औं वार्तामा किएभका लागि पर्याप्त नयाँ सैन्य सहायता प्याकेजको घोषणा गर्ने अपेक्षा गरिएको छ।

युक्रेनका राष्ट्रपति जेलेन्स्कीले आफू बैठकमा सहभागी हुने बुधबार अबेर मात्र बताउनुभएको छ ।

जर्मनीका रक्षामन्त्री बोरिस पिस्टोरियससँगै



युक्रेनरक्षा सम्पर्क समूहको बैठकमा नेटोका महासचिव मार्क रुट र युरोपेली सङ्घका विदेश नीति प्रमुख काजा कल्लास पनि सहभागी हुने अपेक्षा गरिएको छ ।

करिब तीन वर्ष लामो युद्धमा संलग्न रूसी र युक्रेनी सेनाले जनवरी २० मा ट्रम्पको सपथग्रहणअघि नै आ-आफ्नो स्थान सुरक्षित गर्न खोजिरहेका छन् ।

किएभका लागि अमेरिकी सैन्य सहायताको आलोचना गर्दै आएका ट्रम्पले सत्तामा आएपछि युद्धको शीघ्र अन्त्य गर्ने वाचा गर्नुभएको छ तर युद्धविराम वा शान्ति सम्झौताका लागि कुनै ठोस प्रस्ताव गर्नुभएको छैन ।

राष्ट्रपति जो बाइडेनको नेतृत्वमा रहेको संयुक्त राज्य अमेरिका युक्रेनको सबैभन्दा ठूलो युद्धकालीन समर्थक भएको छ । अमेरिकाले फेब्रुअरी २०२२ देखि ६५ अर्ब डलरभन्दा बढीको सैन्य सहायता प्रदान गरेको छ भने एक वरिष्ठ अमेरिकी रक्षा अधिकारीका अनुसार सहायताको बारेमा 'पर्याप्त घोषणा' बिहीबारको बैठकमा आउने सम्भावना छ।

जर्मनी युक्रेनको दोस्रो ठूलो समर्थक हो । जर्मनीसँगबाट युक्रेनले अहिलेसम्म करिब ३० अर्ब अमेरिकी डलर प्राप्त गरेको छ।अस्टिनले बुधबार एएफपीसँग कुरा गर्दै युक्रेनमा अमेरिकी नेतृत्व 'आवश्यक' रहेको र किएभका लागि निरन्तर सैन्य सहयोग जारी हुनु महत्वपूर्ण रहेको बताउनुभयो ।

# डल्ले च्याउको मूल्य बढ्दा, सिताके च्याउको मूल्य आधाभन्दा बढीले घट्यो



काठमाण्डु । सिताके च्याउको मूल्य आधाभन्दा बढीले घटेको छ । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका अनुसार बुधबार थोकमा प्रतिकेजी अधिकतम रु आठ सयमा बिक्री भएको सिताके च्याउको मूल्य विहिबार आधाभन्दा बढीले घटेर प्रतिकेजी तीन सय ३० मा बिक्री भइरहेको छ ।

समितिका अनुसार बुधबार थोकमा डल्ले च्याउ प्रतिकेजी अधिकतम रु दुई सय ८० तोकिएकामा विहिबारका लागि रु तीन सय ३० तोकिएको छ । साथै घिउ सिमीको मूल्य आज प्रतिकेजी रु २५ ले घटेर रु ५० कायम भएको छ ।

विहिबार गोलभेडा ठूलो (भारतीय) प्रतिकेजी रु ८०, गोलभेडा सानो (लोकल) प्रतिकेजी रु ३०, गोलभेडा सानो (भारतीय) प्रतिकेजी रु ३५, गोलभेडा सानो (तराई) प्रतिकेजी रु ४०, आलु रातो प्रतिकेजी रु ४५, आलु रातो (भारतीय) प्रतिकेजी रु ४०, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ७०, गाजर (लोकल) प्रतिकेजी रु १००, गाजर (तराई) प्रतिकेजी रु ९०, बन्दा (लोकल) प्रतिकेजी रु २५, बन्दा (तराई) प्रतिकेजी रु २०, बन्दा (नरिवल) प्रतिकेजी रु २५, काउली स्थानीय प्रतिकेजी रु २०, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु ३०, काउली तराई प्रतिकेजी रु १५, मूला रातो प्रतिकेजी रु २५, मूला सेतो (लोकल) प्रतिकेजी रु २५, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ३०, भन्टा लाम्चो प्रतिकेजी रु ३५, भन्टा डल्लो प्रतिकेजी रु ४० कायम भएको छ ।

यसैगरी, मकै बोडी प्रतिकेजी रु ७०, मटरकोसा प्रतिकेजी रु ९०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ६०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ६०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ६०, टाटे सिमी प्रतिकेजी रु ५०, तिते करेला प्रतिकेजी रु १००, लौका प्रतिकेजी रु ५०, परवर (तराई) प्रतिकेजी रु १००, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु २०, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु २०, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु १००, सखरखण्ड प्रतिकेजी ८०, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु ९०, स्कूस प्रतिकेजी रु ३५, रायो साग प्रतिकेजी रु २०, पालुङ्गो साग प्रतिकेजी ६०, चमसुरको साग रु ६०, तोरीको साग प्रतिकेजी रु ४०, मेथीको साग प्रतिकेजी रु ६०, प्याज हरियो प्रतिकेजी रु ६०, बकुला प्रतिकेजी रु ९०, तरुल प्रतिकेजी रु ८०, च्याउ (कन्य) प्रतिकेजी रु ८०, च्याउ (डल्ले) प्रतिकेजी रु ३३० निर्धारण गरिएको छ ।

ब्रोकाउली प्रतिकेजी रु ५०, चुकुन्दर प्रतिकेजी रु ९०, सजिवन प्रतिकेजी रु २५०, रातो बन्दा प्रतिकेजी रु ७०, जिरीको साग प्रतिकेजी रु ७०, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु ९०, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२०, गुन्दुक प्रतिकेजी रु ३०० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २६०, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १७०, कागती प्रतिकेजी रु १४०, अनार प्रतिकेजी रु ४००, अङ्गुर (हरियो) प्रतिकेजी रु २४०, अङ्गुर (कालो) प्रतिकेजी रु ३८०, सुन्तला (नेपाली) प्रतिकेजी रु १२५, सुन्तला (भारतीय) प्रतिकेजी रु १००, काँक्रो (लोकल) प्रतिकेजी रु १३०, काक्रो (हाइब्रिड) प्रतिकेजी रु ९०,नासपाती (चाइनिज) प्रतिकेजी रु २५०, मेवा (नेपाली) प्रतिकेजी रु ५०, मेवा (भारतीय) प्रतिकेजी रु ९०, अम्बा प्रतिकेजी रु ११०, लप्सी प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ५००, किबी प्रतिकेजी रु २५०, आभोकाडो प्रतिकेजी रु २५०, अमला प्रतिकेजी रु ८० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकेजी रु १३०, खुर्सानी सुकेको प्रतिकेजी रु ४००, खुर्सानी हरियो प्रतिकेजी रु ७०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु ९०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ७०, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ३००, भेडे खुर्सानी प्रतिकेजी रु ८०, लसुन हरियो प्रतिकेजी रु १६०, हरियो धनिया प्रतिकेजी रु ५०, लसुन सुकेको चाइनिज प्रतिकेजी रु ३००, लसुन सुकेको नेपाली प्रतिकेजी रु ३००, छ्यापी सुकेको प्रतिकेजी रु १६०, ताजा माछा (रहु) प्रतिकेजी रु ३५०, ताजा माछा (बचुवा) प्रतिकेजी रु २६०, ताजा माछा (छडी) प्रतिकेजी रु २६०, ताजा माछा (मुङ्ग्री) प्रतिकेजी रु ४५०, रुख टमाटर प्रतिकेजी रु १६०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु ३३० तोकेको छ ।रासस

## इलामको कृषि उपज झापामा बिक्री गर्न सहज



झापा । बुद्धशान्ति गाउँपालिका-६ टिमाई नदीमा 'कोलुबुङ रमिते गौडा झोलुङ्गे पुल' बनेको छ ।

बुद्धशान्ति वडा नं ६ र ७ लाई जोड्ने उक्त पुल ४७७ मिटर लामो छ । सङ्घीय सरकारको रु पाँच करोड ९८ लाख सात सय ६१ को लागतमा बनेको सो पुल कोशी प्रदेशमा निर्मित सबैभन्दा पुलहरु मध्ये सबैभन्दा लामो रहेको बताइएको छ ।

पाँच महिनामै निर्माण सम्पन्न भएको उक्त पुलको शिलान्यास नेपाली कांग्रेसका महामन्त्री तथा सांसद विश्वप्रकाश महामन्त्री शर्माले विसं २०८१ असार २४ गर्नु भएको थियो । उहाँले पुलको विहिबार यहाँ शुभारम्भ गर्नुहुँदै बुद्धशान्तिको वडा नं ६ र ७ का बासिन्दा मात्र नभएर इलामको कृषि उत्पादन झापामा ल्याएर बिक्री गर्न समेत पुलको निर्माणले सहज भएको बताउनुभयो ।

सो अवसरमा बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष मनोज प्रसाईले पुल रहेको स्थान आकर्षक भौगोलिक बनावटका कारण रमणीय भएकाले नयाँ पर्यटकीय गन्तब्यको रुपमा विकास भएको जनाउँदै दैनिक पाँच सयभन्दा बढी पर्यटक आउन थालेको बताउनुभयो ।

पुलमा घुइँचो बढेपछि पालिकाले नगरप्रहरी परिचालन गरेर पुलमा ओहोरदोहोर गर्ने यात्रुको व्यवस्थान गरिरहेको छ । उक्त पुलको भारवहन क्षमता ९० मेट्रिकटन र एकपटकमा छ सय ४७ जना पदयात्रीको भार पुलले थेग्ने क्षमता रहेको जनाइएको छ । पुलको रहेको सथन वरपर धारागोला भ्यूटावर, जरेबर, ठुटेबर, गौडालगायतका पर्यटकीय स्थल रहेका कारण पुलमा आउने पर्यटक बढेको हो ।रासस

## निकुञ्जमा घाँसेमैदान व्यवस्थापन सुरु

चितवन । चितवन राष्ट्रिय निकुञ्जले घाँसेमैदान व्यवस्थापन सुरु भएको छ । चलु आर्थिक वर्षमा दुई सय ५० हेक्टर क्षेत्रफलमा घाँसेमैदान व्यवस्थापन गर्ने योजना अनुसार अहिले काम सुरु भएको हो ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरले रु ३७ लाख ५० हजार खर्चमा घाँसेमैदान व्यवस्थापन सुरु गरिएको बताउँदै कसरा, लामिताल, सुखिभार, भिम्ले, डुमरिया, बुढी राप्तीलगायत क्षेत्रमा विस्तारै काम गरिने जानकारी दिनुभयो । उहाँले भन्नुभयो "वन्यजन्तुलाई चरन क्षेत्र व्यवस्थापनका लागि हरेक वर्ष घाँसेमैदान व्यवस्थापन हुँदै आएको छ ।"

घाँसेमैदान व्यवस्थापनका लागि घाँस काट्ने उपकरणसँगै मजदुर लगाएर मैदान व्यवस्थापन थालिएको निकुञ्जका सूचना अधिकारी मगरले जानकारी दिनुभयो । अहिले कसरा क्षेत्रमा घाँसेमैदान व्यवस्थापन भइरहेको भन्दै हालसम्म ६० हेक्टर क्षेत्रफलमा काम सकिएको उहाँले जानकारी दिनुभयो ।

निकुञ्ज नौ सय ५२ दशमलव ६३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । जसमध्ये आठ हजार नौ सय ५५ दशमलव दुई हेक्टर क्षेत्रफल घाँसेमैदानका लागि उपयुक्त मानिन्छ । गत वर्ष रु ४० लाख ७० हजार खर्च गरेर तीन सय ७० हेक्टर क्षेत्रफलमा घाँसेमैदान व्यवस्थापन गरिएको थियो । कोभिड अघिसम्म घाँसेमैदान व्यवस्थापनमा धेरै बजेट विनियोजन हुने गरेको भए पनि अहिले निकै न्यून बजेटमा काम हुने गरेको थापामगरले बताउनुभयो ।रासस

## माटोका भाँडा बनाउने व्यवसायी समस्यामा



कैलाली । पछिल्लो समय जिल्लामा माटोका भाँडा बनाउने सिपालु कालिगडको अभाव हुन थालेपछि व्यवसायी समस्यामा परेका छन् ।

युवा शिक्षा तथा वैदेशिक रोजगारीका लागि बाहिर जानु, पुस्तान्तरण नहुनु, भाँडा बनाउने माटो सहजै नपाउनुलगायत कारणले कालिगड पेसा सङ्कटमा परेसँगै व्यवसायी समस्यामा परेका हुन् ।

दक्ष कालिगडको कमी, भाँडा बनाउन आवश्यक पर्ने माटो सहजै पाउन छोडेपछि पूर्वी नेपालको विर्तामोड र भारतबाट माटोका विभिन्न तयारी भाँडा ल्याएर बिक्री गरिरहेको भाँडा व्यवसायी गणेश शाहले बताउनुभयो । "पहिले धनगढीमा माटोका भाँडा बनाउने कालिगड जहातही हुन्थ्ये, माटो पनि आवश्यकताअनुसार सहजै उपलब्ध हुन्थ्यो । स्थानीयस्तरमा बनाइएको भाँडा बिक्री गर्न सहज पनि थियो", उहाँले भन्नुभयो, "पछिल्लो समय बमहिरबाट तयारी अवस्थामा भाँडा ल्याएर बिक्री गर्दा उपभोक्ता विश्वास पनि कम गर्ने भएकाले व्यापार घटेको छ ।"

भारतबाट ल्याउने गरेका माटोको भाँडा भन्सार तिरेर आयात गर्नुपर्ने भएकाले महङ्गो पनि पर्न गएको भन्दै शाहले यसरी व्यापार गर्दा मुनाफा पनि नहुने बताउनुभयो ।

आधुनिकतासँगै बजारमा विभिन्न आकर्षक स्वरुपमा प्लाष्टिकका रङ्गीविरङ्गी भाँडा सहजै पाइन थालेपछि पहिलेको तुलनामा माटोका भाँडाले बजार पाउन छोडेको धनगढीको कृष्णनगरकी व्यवसायी नीलमदेवी कलवाराले उल्लेख गर्नुभयो । "केही वर्ष पहिले दैनिक रु पाँच हजारदेखि रु १० हजारसम्म कारोबार हुन्थ्यो, अहिले दैनिक रु एक हजारदेखि रु तीन हजारसम्मको कारोबार हुन्छ", उहाँले भन्नुभयो ।

लामो समयदेखि माटोका भाँडासम्बन्धी व्यवसाय गर्दै आउनुभएकी कलवाराले पछिल्लो समय बिक्री घटेसँगै व्यवसाय सङ्कटमा पर्न थालेको गुनासो गर्नुभयो । "पहिलेको तुलनामा कारोबार घटेपछि जीविकोपार्जनमा समस्या हुन थालेकोछ । यो व्यवसायबाट खर्च चलाउन मुस्किल हुन थालेपछि अहिले गर्मी मौसममा गन्नाको जुस र जाडोमा अण्डा ठेला राखी बिक्री गर्न थालेकी छु", उहाँले भन्नुभयो ।

स्थानीयस्तरमा भाँडा बनाउने माटो पाउन छोडेपछि भारतको लखिमपुरसहितका सहरबाट तयारी भाँडा ल्याएर बिक्री गरिरहेको कलवाराले जानकारी दिनुभयो । "पहिले माटोका भाँडा बनाउने भट्टा यहाँ थुप्रै थिए, हिजोआज माटो पाउन छोडेपछि बाहिरबाट भाँडा ल्याउदा महँगोमा बिक्री गर्नु पर्दछ", उहाँले भन्नुभयो ।

प्लास्टिकका भाँडा तथा अन्य सामग्री प्रयोग गर्न सहज हुने, जहाँ पनि पाइने हुँदा परम्परागत माटाका भाँडाको व्यापार घटेको धनगढीका व्यवसायी अरविनप्रसाद कलवाराले बताउनुभयो । "पहिलेभन्दा अहिले व्यापार धेरै घटेको छ, यही अवस्था रहे यो पेसा लोप हुने जोखिम बढेको छ", उहाँले भन्नुभयो ।

स्थानीय सरकारले माटोका भाँडा बनाउने सीप पुस्तान्तरण गर्ने र यो पेसा संरक्षण गर्ने अभियान सञ्चालन गर्नुपर्नेमा कलवाराले जोड दिनुभयो । "माटोबाट निर्मित भाँडा टुटफुट बढी हुने भएकाले प्रयोगकर्ता घट्ना थालेका छन् । घरघरमा सिमेन्टका गमला लगेर बिक्री गरिँदा पनि माटोका भाँडाको माग घटेको हो", उहाँले भन्नुभयो ।

अहिले प्रतिग्राग्री रु दुई सयदेखि रु पाँच सय, प्रतिगमला एक सयदेखि रु दुई सय, प्रतिखुत्रुक्के रु ३० देखि रु तीन सय, प्रतिकलश रु १५ देखि रु ५० मा बिक्री भइरहेको उहाँले जानकारी दिनुभयो ।रासस

## विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले विहिबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिदर एक सय ३७ रुपैयाँ ०६ पैसा र बिक्रीदर एक सय ३७ रुपैयाँ ६६ पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिदर एक सय ४१ रुपैयाँ १८ पैसा र बिक्रीदर एक सय ४१ रुपैयाँ ८० पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर एक सय ६९ रुपैयाँ ६० पैसा र बिक्रीदर एक सय ७० रुपैयाँ ३५ पैसा, स्विस फ्र्याङ्क एकको खरिदर एक सय ५० रुपैयाँ २९ पैसा र बिक्रीदर एक सय ५० रुपैयाँ ९५ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिदर ८५ रुपैयाँ सात पैसा र बिक्रीदर ८५ रुपैयाँ ४४ पैसा, क्यानेडियन डलर एकको खरिदर ९५ रुपैयाँ ३० पैसा र बिक्रीदर ९५ रुपैयाँ ७१ पैसा, सिङ्गापुर डलर एकको खरिदर एक सय रुपैयाँ १२ पैसा र बिक्रीदर एक सय रुपैयाँ ५६ पैसा निर्धारण गरिएको छ । जापानी येन १० को खरिदर खाठ रुपैयाँ ६५ पैसा र बिक्रीदर आठ रुपैयाँ ६९ पैसा, चिनियाँ युआन एकको खरिदर १८ रुपैयाँ ६९ पैसा र बिक्रीदर १८ रुपैयाँ ७८ पैसा, साउदी अरेबियन रियाल एकको खरिदर ३६ रुपैयाँ ५१ पैसा र बिक्रीदर ३६ रुपैयाँ ६७ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ६० पैसा र बिक्रीदर ३७ रुपैयाँ ७७ पैसा कायम भएको छ ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिदर तीन रुपैयाँ ९५ पैसा र बिक्रीदर तीन रुपैयाँ ९७ पैसा, युएई दिराम एकको खरिदर ३७ रुपैयाँ ३२ पैसा र बिक्रीदर ३७ रुपैयाँ ४८ पैसा, मलेसियन रिङ्गेट एकको खरिदर ३० रुपैयाँ ४४ पैसा र बिक्रीदर ३० रुपैयाँ ५७ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ३७ पैसा र बिक्रीदर नौ रुपैयाँ ४१ पैसा, स्विडिस क्रोनर एकको खरिदर १२ रुपैयाँ २६ पैसा र बिक्रीदर १२ रुपैयाँ ३२ पैसा र डेनिस क्रोनर एकको खरिदर १८ रुपैयाँ ९२ पैसा र बिक्री दर १९ रुपैयाँ तोकिएको छ । राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिदर १७ रुपैयाँ ६२ पैसा र बिक्रीदर १७ रुपैयाँ ७० पैसा, कुवेती दिनार एकको खरिदर चार सय ४४ रुपैयाँ ३४ पैसा र बिक्रीदर चार सय ४६ रुपैयाँ २८ पैसा, बहराइन दिनार एकको खरिदर तीन सय ६३ रुपैयाँ ५५ पैसा र बिक्रीदर तीन सय ६५ रुपैयाँ १५ पैसा, ओमनी रियाल एकको खरिदर तीन सय ५६ रुपैयाँ दुई पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ ५८ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिदर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ ।

राष्ट्र बैङ्कले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैङ्कको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस


# Invitation for Bids

## Sonma Rural Municipality

## Office of Rural Municipal Executive

## Sonma, Mohattari

**Invitations of bids for the Constructioon of Khanepaani Pipe Jadaan**

**IFB No: SRM/NCB/WORKS/03/2081-82**

**Date of Publication: 10th January 2025**

1. Sonma Rural Municipality, Sonma, Mohattari invites National Competitive Bids (1S1E) from Nepalese eligible bidders for the following Works.

| S. No. | Description of Works/Contract ID | Bid Fee (NPR) | Bid Security (NPR) | Estimated Amount (without VAT,PS and Contingency) NPR | Last Date for Bid Purchase |
|---|---|---|---|---|---|
| 1. | Sonma Gaupalika Bhitra Khanepaani Pipe Jadaan | 3000/- | 128000/- | 5104231.43 | 2025/02/09 12:00 Noon |

2. Eligible Bidders may obtain further information from PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3000/- in the Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of Bank:** NMB Bank Ltd, Sonma, Mohattari.
   **Office Code No.:** 801021815
   **Office Account No.:** 1160073372500029
   **Rajaswa (Revenue) Shirshak No.:**14229
4. Pre-bid meeting shall be held at Office of Sonma Rural Municipality, on 28th, January, 2025 at 01:00 PM.
5. Bid must be submitted before 12 PM on 9th, February 2025
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on 9th, February 2025 at the office of Sonma Rural Municipality, Sonma, Mohattari.Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NPR 1,28,000 /- which shall be valid for 30 days beyond the validity period of the bid .If the Bidder wishes to submit the Bid Security in the form of cash,
   **Name of bank:** NMB Bank Ltd, Sonma, Mohattari
   **Name of Office:** Sonma Rural Municipality
   **Account No:** 1160073372500041
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all of the bids without assigning any reason, whatsoever.

**Section Officer,**

# छात्रवृत्तिका लागि अनुदान नदिएको मुख्यमन्त्री सिंहको गुनासो




**टुडे समाचारदाता**

जनकपुरधाम। मुख्यमन्त्री सतीशकुमार सिंहले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबीबीएस पढ्ने विद्यार्थीलाई छात्रवृत्तिका लागि रकमको व्यवस्था प्रदेश सरकारले नै व्यहोर्ने बताएका छन् ।

जनकपुरधाममा बिहीबार मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले आयोजना गरेको अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्दै मुख्यमन्त्री सिंहले छात्रवृत्ति वितरण पारदर्शी हुने बताए ।

नयाँ विद्यार्थीहरूका लागि शुरु गरिएको अभिमुखीकरण कार्यक्रममा उनले मधेश बाहिरका विश्विद्यालयहरूलाई छात्रवृत्तिवापत युनिभर्सिटी ग्रान्ट कमिशन (यूजीसी) ले अनुदान दिने गरेको भए पनि मधेश प्रदेशमा सो सुविधा नदिइएको प्रति गुनासो गरे ।

सो प्रतिष्ठानले एमबीबीएसमा भर्ना भएका ५० जनामध्ये छात्रवृत्ति पाउने ३८ जनाको सम्पूर्ण छात्रवृत्ति रकम मधेश सरकारले व्यहोर्ने मुख्यमन्त्री सिंहले बताए। उनले प्रतिष्ठानमा देशका विभिन्न ठाउँबाट अध्ययन गर्न आएका विद्यार्थीलाई स्वागत गर्दै अध्ययन पछि उनीहरू स्वास्थ्य सेवामा प्रतिवद्ध भएर लाग्ने विश्वास व्यक्त गरे ।

सो कार्यक्रममा स्वास्थ्य तथा जनसंख्यमन्त्री शत्रुधनप्रसाद सिंहले स्वस्थ मधेश प्रदेश निर्माण गर्ने लक्ष्यका साथ प्रदेश सरकार अहोरात्र खटिरहेको बताए । अस्थिर सरकारका कारण अपेक्षाकृत काम गर्न नसकेको पनि उनले स्वीकार गरे। त्यस्तै कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाका उपकुलपति डा. मंगल रावलले प्रतिष्ठानले एमबीबीएस अध्ययन अध्यापन शुरु गरेकोमा खुशी व्यक्त गर्दै यसले मधेशको स्वास्थ्य क्षेत्रको विकासमा मद्दत पुग्ने बताए। उनले मधेश र कर्णाली दुवै स्वास्थ्य तथा शिक्षा क्षेत्रमा पछाडि परेको र पारिएको भन्दै यी दुई प्रदेशलाई अगाडि बढाउन सकिए मात्र वास्तवमा नेपालको विकास भएको मान्न सकिने बताए।


त्यस्तै मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार प्रा.डा. विनोदकुमार यादवले स्थापनादेखि हालसम्मका उपलब्धिहरूको विषयमा बताए । उनले प्रतिष्ठानले गरेको उपलब्धिमा मधेश सरकारको विशेष सहयोग रहेको भन्दै यसखाले सहयोग निरन्तर रहिरहने बताए।

सो कार्यक्रममा प्रादेशिक अस्पताल जनकपुरधामका निर्देशक डा. जामुनप्रसाद सिंहले प्रवीणता प्रमाण तहबाट छोटो अवधिमा नै स्नातकोत्तर तहसम्मको अध्ययन अध्यापन गर्न प्रतिष्ठान समक्ष हुनु मधेशकै लागि ठूलो उपलब्धि भएको बताए।

प्रतिष्ठानले बिहीबारबाट शुरु गरेको सात दिने अभिमुखीकरणका क्रममा पहिलो वर्षमा अध्ययनका लागि भर्ना भएका छात्रछात्रालाई मेडिकल शिक्षाका लागि नैतिक मूल्य र मान्यता, मापदण्ड, स्वास्थ्यकर्मीले पालना गर्नुपर्ने आचारसंहिताबारे ज्ञान दिइने छ।

सो अभिमुखीकरण कार्यक्रममा विद्यार्थीहरूलाई गाउँघरका स्वास्थ्य संस्थादेखि ठूला अस्पतालहरूको पनि भ्रमण गराउने उद्देश्य लिइएको छ। यस कार्यक्रममा शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी तिवारी, जिल्ला समन्वय समितिका सभापति राजनन्दन मण्डललगायतकाहरुले नयाँ विद्यार्थीहरुलाई शुभकामना दिएका थिए।

# कामरेड जयगोविन्द साहको ३५ औं स्मृति


रामरिझन यादव

नेपाली क्रान्तिकारी कम्युनिष्ट आन्दोलनका एक अग्रणी किसान नेता कामरेड जयगोविन्द साहको ३५ औ स्मृति दिवस !

देशभरि नै उहाँप्रति आस्था राख्ने र उहाँलाई जान्ने, बुझ्ने तथा माया गर्नेहरूले आ- आफ्नो ढंगबाट उनलाई सम्झिदैं छन् ।

उनी वि.सं. १९७६ साल ( सन १९२९ ) सिरहा जेलमा जन्मेका थिए । त्यसैले उनको पहिलो नाम जहल गोविन्द पऱ्यो । मैथिलीमा जेललाई जहल भनिन्छ । पछि आमा जगतकुमारी क्षेत्रीसङै सामाजिक बहिष्करणमा परेपछि उनी घरेलु नोकर हुन बाध्य भए । यसरी अर्काको गाई भैंसी चराउदा गोठालेहरूले जिस्काउँदै जेलगोविन्द भन्न थाले ।

त्यसपछि मात्र जयगोविन्द भएका हुन । उनको जीवनको गथा र व्यथा म दस कक्षामा पढ्दा पढाई हुने नेपाली भाषाका पुस्तक 'दन्त्यकथा' र अंग्रेजी भाषाका 'ओन्डर बूक' जस्तै लाग्छ, मलाई ।

२०४६ सालको ऐतिहासिक जन आन्दोलन हुनुभन्दा एक महिना १२ दिन पहिले निर्वासन अवस्थामा भारतको जयनगरमा उनको देहावसान भएको थियो ।

उनको लासलाई तत्कालीन आततायी पञ्चायती व्यवस्थाका सिरहाली सत्ताले स्वदेश ल्याउन दिएनन् । कमला नदीमा उनको दाहसंस्कार गरिएको थियो । जहाँ मुस्किलले केही व्यक्ति तथा आफन्तहरू उपस्थित हुन हिम्मत गरेका थिए ।

तिनै निरंकुश व्यवस्थाका पृष्ठपोषकहरूको सन्तति अहिले विभिन्न नाममा सिरहा सत्ताको मालिक भएका छन् ।

तत्कालीन निरंकुश निर्दलीय व्यवस्थाभित्र भूमिगत गिरोहको रूपमा सत्ता हाक्ने ज्ञानेन्द्रको प्रत्यक्ष पहलमा राप्रपा राजतन्त्रात्मक सनातन धर्मको वकालत गर्दैछन्, जसलाई कथित समाजवादको खोल ओढेका काग्रेसको एउटा तपका भरथेग गरिरहेका छन् ।

त्यसैले कथित कम्युनिष्ट र कथित प्रजातान्त्रिक समाजवादको



कम्बल ओढेर खेत खाइरहेकाहरूको विरुद्ध संघर्षनै कामरेड जयगोविन्दप्रति सच्चा श्रद्धाञ्जली हुनेछ ।

किनकि, महामना तथा चिन्तक प्रदीप गिरिको शब्दमा समाजवादमा धर्मको स्थान शून्य हुन्छ ।


# 'सीके राउत राजनीतिमा अनाडी हुन्'

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता रामसरोज यादवले जनमत पार्टीका अध्यक्ष डा. सीके राउतलाई राजनीति अनाडी रहेको टिप्पणी गरेका छन् ।

पूर्वमन्त्रीसमेत रहेका प्रदेश सांसद यादवले प्रदेशसभा बैठकको विशेष समयमा बोल्दै राउतलाई राजनीतिमा अनाडी रहेको भनेका छन् । नेता यादवले भने 'राउतजी राजनीतिमा अनाडी हुनुहुन्छ, अहिले नयाँ नयाँ हुनुहुन्छ अनाडी हुनु स्वभाविकै हो विस्तारै सिक्दै जानु हुन्छ।'

राउतले सामाजिक संजालमा मधेश सरकारलाई लिएर केही दिन अगाडि गरेको ८ बुंदे टिप्पणीप्रति आक्रोश व्यक्त गर्दै प्रदेश सांसद यादवले उनको अभिव्यक्तिको



विषयमा जवाफ दिन मुख्यमन्त्री सतीशकुमार सिंहलाई चुनौती दिएका छन् । नेता यादवले भने, 'मुख्यमन्त्रीजीले प्रतिनिधित्व गर्ने दलकै राष्ट्रिय अध्यक्षबाट प्रदेश सरकार र सरकारमा सहभागी दललाई लिएर यस्तो अभिव्यक्ति आएको छ । ' उनले अघि थप्दैं भने 'मुख्यमन्त्रीजी उहाँको भनाइबाट सहमत हुनुहुन्छ वा हुनु हुन्न भन्ने सदनलाई स्पष्ट पार्नु आवश्यक रहेको छ।'

# 'सरकारको दोहोरो चरित्रका कारण वीरगञ्जको विकास ओझेल'

**टुडे समाचारदाता**

वीरगञ्ज। आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले वीरगञ्जको विकासमा सरकार र राजनीतिक दलहरूले बेइमानी गरेको बताएका छन् । सरकार र नेताहरूको दोहोरो चरित्रका कारण वीरगञ्जको विकास ओझेलमा परेको उनले बताए ।

वीरगञ्ज स्थित नारायणी रंगशालाको निरीक्षण गर्दै पूर्वमन्त्रीसमेत आजपा अध्यक्ष साहले सरकारको दोहोरो चरित्रका कारण नारायणी रंगशाला जीर्ण बनेको बताए। केही चोर नेताहरूका कारण नारायणी रंगशाला जीर्ण भएको र विभेदको सिकार बनेको बताउँदै अब आफू चुप लागेर नबस्ने चेतावनी उनले बताए।

अध्यक्ष साहले भने, 'केपी ओली



प्रधानमन्त्री हुनुहुन्छ । उहाँ भर्खर वीरगन्ज आउनुभएको थियो । के उहाँको नजरमा यो नारायणी रंगशाला परेन ? के ठाकुरराम बहुमुखी क्याम्पस, नारायणी अस्पताल, चिनी मिल, कृषि औजार कारखाना उहाँको नजर परेन ? यहाँको घण्टाघर पञ्चायतकालमा बन्यो के उहाँको योगदान केही हुनुपरेन ?', वीरगञ्जको विकासको बारेमा प्रश्न गर्दै अध्यक्ष साहले भने, ' यहाँ आएर लम्बालम्बा भाषण गर्ने ? यहाँको विकासको बारेमा केही नसोच्ने ? उहाँको अगाडिपछाडि गर्नेलाई सोध्ने बेला भएको छ। कि त्यो पार्टी छोड या यहाँको विकासको बारेमा केही गर । वीरगन्जमा लुट्ने काम मात्रै उनीहरूले गरे।'

वीरगञ्जबाट राजस्व लिने भए पनि वीरगञ्जको विकासका लागि सरकारले केही नगर्ने हो भने जनताले हिसाब किताब गर्नुपर्ने उनको भनाइ छ।

# रवि लामिछानेलाई धरौटीमा छाड्न आदेश

**टुडे समाचारदाता**

पोखरा । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई ६५ लाख धरौटीमा छाड्न कास्की जिल्ला अदालतले आदेश दिएको छ। तर उनी तत्काल छुट्ने अवस्था नरहेको स्रोतको दाबी छ।

लामिछानेविरुद्ध यसअघि नै थप जिल्लामा पक्राउ पुर्जी जारी भएकोले उनी तत्कालै छुट्न नसक्ने अड्कलवाजी चलिरहेको छ । जसकारण कास्कीमा धरौटी बुझाएर पनि उनी नछुट्ने देखिएको स्रोतको भनाइ छ । त्यस्तै काठमाण्डु जिल्ला



राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई ६५ लाख धरौटीमा छाड्न कास्की जिल्ला अदालतले आदेश दिएको छ । तर उनी तत्काल छुट्ने अवस्था नरहेको स्रोतको दाबी छ ।

अदालतमा पनि उनीविरुद्ध मुद्दा अभियोजन भइसकेको छ।

कास्कीको थुनछेक प्रक्रिया सकिएकाले अब उनलाई काठमाण्डु ल्याउने तयारी रहेको छ।

त्यस्तै लामिछानेलाई पक्राउ गरेर आवश्यक सहयोग गरिदिन रुपन्देही, पर्सा र चितवन प्रहरीले पनि यसअघि नै कास्की प्रहरीलाई पत्राचार गरिसकेको छ।

जसकारण सबै स्थानमा मुद्दाको थुनछेक आदेश नहुँदासम्म उनलाई छुट्न सहज देखिएको छैन।

कास्की प्रहरीका प्रहरी उपरीक्षक श्यामबाबु ओलीयाले लामिछाने धरौटी बुझाएर रिहा भएपछि उनलाई काठमाण्डु पठाइने जानकारी दिए।

यसैबीच सूर्यदर्शन सहकारी ठगी प्रकरणका सात आरोपीमध्ये ३ जना धरौटी बुझाएर छुटेका छन् । आरोपी सञ्चालक समितिका पूर्वसदस्य कृष्ण गुरुङ, पूर्वउपाध्यक्ष मीना गुरुङ र पूर्वकोषाध्यक्ष आरती गुरुङ धरौटी बुझाएर छुटेका छन्।

कास्की जिल्ला अदालतका न्यायाधीश नीतिज राईको इजलासले कृष्णलाई १ लाख, मीना र आरतीलाई ५/५ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको थियो। अदालतको आदेशलगत्तै धरौटी वापतको रकम जम्मा गरेर उनीहरु छुटेका छन्।

# गुपचुपमा जग्गा लिलाम गरेको भन्दै बैंकविरुद्ध आन्दोलन

**टुडे समाचारदाता**

जनकपुरधाम । कृषि विकास बैंकले प्रक्रिया छलेर जग्गा लिलाम गरेको आरोप लगाउँदै पीडित परिवारले आन्दोलन गरेका छन् । आन्दोलन गरेपछि प्रहरीले जर्वजस्ती बलप्रयोग गर्दै धपाएका थिए।

जिल्लाको लहान नगरपालिका-२ का रामचन्द्र यादवको पूर्व-पश्चिम राजमार्गमै खुलाएका थिए।

सिरहाप्रहरीलेआन्दोलनकारीलाई घिसारेको भिडिओ सामाजिक सञ्जालमा धेरैले सेयर गर्न थालेका छन्। जग्गा लिलामसम्बन्धी विवादमा एउटा समूहले बैंक जलाउन खोज्दा बल प्रयोग गरेको इलाका प्रहरी कार्यालय लहानका नायब प्रहरी उपरीक्षक विष्णुप्रसाद सोतीले जानकारी दिए । उनले



टाँसिएको ७ धुर जग्गा बैंकले प्रक्रिया मिचेर लिलाम गरेको भन्दै उनको परिवार बिच्चली भए पछि आन्दोलित भएको छ । उनीहरु राजमार्गमै सुतेर बैंकविरुद्ध नारावाजी गर्दै बिलौना गरिरहेका थिए।

सडकमा ऋणी परिवार सुतेर विरोध प्रदर्शन गर्न थालेपछि राजमार्ग आवागमन ठप्प भएको थियो । प्रहरीले आन्दोलनको समर्थनमा पुगेका स्थानीयवासीमाथि जवर्जस्ती बलप्रयोगत गरी लाठी चार्ज गर्दै धपाएका थिए। त्यसपछि प्रहरीले रामचन्द्रको परिवारलाई घिसारेर सडकबाट हटाएर राजमार्ग सडकमा सुतेपछि ज्यान जोगाउनकै लागि भए पनि आफूहरुले बाध्य भएर हटाएको जिकिर गरे।

तर सडक खुलाउने नाममा पीडित परिवार र आन्दोलनमा सहयोग गर्नेमाथि प्रहरी निर्मम बनेको स्थानीयवासीको आरोप छ।

रामचन्द्रले ०७७ फाल्गुन १५ मा कृषि विकास बैंक लहान शाखाबाट ३० लाख रूपैयाँ ऋण लिएका थिए । मंसिरको किस्ता तिरेको उनको दाबी छ।

यता बैंकले भने आफूहरुमाथि गलत आरोप लगाएको दाबी गरेको छ।

# बेसहारा मुसहर वस्ती



**टुडे समारदाता**

लहान । सिराहाको गोलबजार नगरपालिकाका १ सय २० जना दलित मुसहर समुदायका मजदुरलाई भारतको श्रीनगरमा आठ महिना बन्धक बनाउँदै काम लगाएर ज्याला नदिइ घर फर्काइए पछि उनीहरु बेसहारा भएका छन्।

मुसहर मजुदरहरुलाई तलब भत्तालगायतका सेवा सुविधाबाट वञ्चित गरेको भनि विभिन्न निकायमा गुहारे पनि कोही काम नलागेपछि उनीहरु अहिले घरबारविहीन भएका छन् । जसकारणले गर्दा उनीहरु पुल मुनि बास बस्न बाध्य भएका छन्।

कठ्यांग्रिदो जाडोयाममा उनीहरू मैनाबत्ती नदीको पुलमुनि आश्रय लिएर बस्न बाध्य छन् । पुस महिना तराईको कठ्यांग्रिने शीतलहर छ।

पीडित परिवारजन पुराना जडाउरी मागेर आङ ढाकेका छन् । मुसहर समुदायमा न ओढ्ने छ, न ओछ्याउने अवस्थामा छ। घरमा अन्नको गेडो पनि छैन । शीतलहर चलेकाले कतै मजदुरी पनि पाएका छैनन् । चिसो रातमा भोको पेट छन्। आगोको तप्कामा पुलमुनिको बासमा बस्न बाध्य भएका छन्। पीडित शुभनारायण सदाले आफ्नो दुखेसो पोख्दै मृत्यु पर्खेर बास बसिरहेको बताए।

उनले भने, 'नेपाल राज्यमा हामीले बाँचुञ्जेल लमतन्न भएर सुत्न एउटा खट राख्ने जमिन पनि पाएनौं । ठूला जातिका धनीमानीहरूले हामीलाई बस्तीबाट उठीबास लगाएर खेदे।'

सो पुलमुनि मैनाबत्तीको बगरमा झण्डै ४० घर मुसहर परिवार बस्छन् । प्रायः सबै घरमा चुल्हो बाल्न हम्मेहम्मे छ।

नेपाली कांग्रेसका नेता रामवृक्ष साहले शीतहलरका कारणले रोजगारी पनि पाइँदैन र काम गर्नसक्ने मौसम पनि नभएकाले मुसहर समुदायको बिजोग भएको बताए। उनले तत्कालै मुसहर बस्तीमा खाद्यान्नलगायतका सामग्री व्यवस्था गरिने बताए।

गोलबजार नगरपालिकाले भने मुसहर वस्तीलाई भने बेवास्ता गरेको छ।

अगुवा अरुण सदाले नगरपालिकालाई पनि दलित मुसहर समुदायको अवस्थाबारे बोध र चेत नभएको प्रति गुनासो गरे।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८